मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ९० ● २०८० साल फागुन ०४ गते शुक्रबार ● Friday 16, February 2024 ● सूर्योदय: बिहान ६:४१ बजे ● सूर्यास्त: साँझ ५:५७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## इन्स्पेक्टरको चर्को असुलीले नागरिकलाई सास्ती



**मधेशदृष्टि
सर्लाही ।**
इलाका प्रहरी कार्यालय लालबन्दीले कमिसन नदिँदा स्थानीय सर्वसाधारणलाई अनावश्यक दुःख दिने गरेको गुनासो आएको छ । केही पहिला काम गरेको पैसा लिन गएका दुई किशोरलाई चोर भन्दै केही स्थानीयले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लालबन्दीमा जिम्मा लगाएका थिए । तर पछि उनीहरु चोर नरहेका पाइएपछि नियन्त्रणमा लिएर बुझाउनेलाई छुटाउन इलाका प्रहरी कार्यालय जाँदा 'चोर थिएनन्' भने नियन्त्रणमा लिएर प्रहरीलाई किन बुझाएको भन्दै प्रश्न गरेपछि विवाद भएको थियो । सथानीयले प्रहरीको नियतमा शंका गरेका थिए ।

त्यसपछि प्रहरीको नियन्त्रणमा रहेका दुई युवाका अभिभावकलाई इलाका प्रहरी कार्यालय लालबन्दी बोलाएर प्रहरी निरीक्षक हरिबोल केसीका सुरक्षागार्ड प्रहरी जवान शिव बोहोरामार्फत १२ हजार पाँच सय रुपैयाँका दरले २५ हजार रकम दिए २–३ दिनमै दुवै युवा छाड्ने बताएपछि पीडित युवाका अभिभावकले रकम ऋण खोज्दा पनि पाएनन् र प्रहरीलाई दिन सकेनन् ।

त्यसपछि जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट सार्वजनिक मुद्दा चलाएको इलाका प्रहरी कार्यालय लालबन्दीले दुवै युवालाई धरौटी भन्दै नौ हजार पाँच सय रुपैयाँका दरले १९ हजार रुपैयाँ धरौटीमा २५ औँ दिन तारेखमा रिहा गरेको थियो । यो समयमा पनि इलाका प्रहरी कार्यालय लालबन्दीको मुद्दा शाखाका प्रहरी हवल्दार संजीव यादवले प्रहरी निरीक्षक केसीका नाममा उनकै निर्देशनमा तीन हजारका दरले दुवै युवासँग गरी छ हजार रपैयाँ मागेका थिए । पीडित युवाका अभिभावकले दुई हजार पाँच सयका दरले पाँच हजार रुपैयाँ दिनै पर्ने बाध्यतामा परेको बताए ।

त्यसपछि इलाका प्रहरी कार्यालय लालबन्दीले सर्वसाधारणलाई अनावश्यक दुःख दिएर असुली चर्काएको

बाँकी पृष्ठ २ मा

## कर्मचारीले अनिवार्य दूधघ्यू किन्नुपर्ने
## स्कुलमा एक गिलास दूध अभियान चलाइने



गोविन्दप्रसाद न्यौपाने, कृषिमन्त्री



डा. शरण कुमार पाण्डे, कृषि सचिव



प्रेम कुमार जोशी, आयोजना प्रमुख

**मधेशदृष्टि
जनकपुरधाम ।**
मधेश प्रदेशका किसानले उत्पादन गरिरहेको दूध र दुग्धजन्य पदार्थ खपतका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमातहतका कर्मचारीले दूध र दुग्धजन्य उत्पादन खरिद गर्ने भएका छन् । यसो गर्दा किसानले उत्पादन गरेको तर दैनिक ४ हजार लिटरसम्म खपत हुन नसकेको दूध खेर जाने समस्या समाधान हुने भएको छ । मन्त्रालयको यो निर्णयले दूध बेचेर भुक्तानी पाउन नसकेका किसानलाई पनि ठूलो राहत पुग्ने भएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दप्रसाद न्यौपानेले यो निर्णयले मधेशका दूध उत्पादनकर्ममा लागेर भुक्तानी नपाइरहेका किसानलाई ठूलो राहत हुने बताए । उनले भने, 'सरकारले दूध र दुग्धजन्य पदार्थ खरिद गरे पनि बिक्री हुन नसक्दा र खपत नहुँदा किसानलाई भुक्तानी दिन सकिएको थिएन, यसका लागि उपाय खोज्दैजाँदा मन्त्रालयकै कर्मचारीले अनिवार्य किन्ने र विभिन्न स्कुलमा विद्यार्थीमा दिइरहेको खाजाभत्तामा एक गिलास दूध पनि दिने निर्णय स्थानीय पालिकाले गर्न सके किसानको दूध खेर नजाने देखियो ।' उनले संगठित ठाउँहरुमा पनि दुग्धजन्य पदार्थ खपत हुनसक्नेबारे छलफल भएको र आफ्नो उत्पादन आफैँले खपत गर्न बजार खोज्ने अभियान मन्त्रालयले चलाएको बताए ।

'बजारीकरणमा समस्या देखियो, पाउडर र बटर बनाउनै पर्ने अवस्था छ, यो पनि धेरै उत्पादन भइसकेको छ,' मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेले भने, 'आन्तरिक खपत बढाउनु नै उत्तम हुने ठानेर किसान पलायन नहुन् भन्नका लागि उत्पादन भएका घ्यू, दूध, पाउडर, बटर कृषिमा लागेका कर्मचारीले मासिक तलबबाटै खरिद गरेर एउटा सन्देश दिन खोजेका छौँ ।' उनले यो अल्पकालीन विकल्प भएको र केही मात्रामा भए पनि किसानको भुक्तानीको समस्यामा समाधान हुनसक्ने बताए । मन्त्रालयले 'मधेश डेरी प्रोजेक्ट' खडा गरेर दैनिक डेढलाख लिटर दूध खपतको योजना बनाएकाले केही समयपछि मधेशका किसानको उत्पादन खेर नजाने उनले बताए ।

जनकपुर दुग्ध वितरण आयोजनाका प्रमुख प्रेम कुमार जोशीले किसानहरुबाट दैनिक ५ हजार लिटर दूध संकलन भइरहेको तर खपत १ हजार लिटर भन्दा बढी नभएको बताए । उनले भने, 'किसानबाट लिइएको दूध विराटनगर पठाए पाउडर बनाएर गोदाम गरेका छौँ, तर बनाइएको मखन गोदाम गरेर राख्न माइनस भन्दा कम तापक्रममा राख्नु पर्ने भएकाले पर्याप्त स्टोरेजमा समस्या भइरहेकाले मन्त्रालयकै मातहतका कर्मचारीले मात्रै किन्दा पनि केही खपत हुनसक्ने उपाय खोजेका हौँ, मन्त्रालयसँग समन्वय गरेका हौँ ।' वरिष्ठ पशु विकास अधिकृत उपेन्द्रकुमार सिंहले कृषि मन्त्रालय मातहतका कर्मचारीका लागि यो निर्णय गरिएको बताए । मन्त्रालयको यो निर्णयले मधेशका किसानलाई राहत पुग्ने देखिएको छ ।

## भेटेरिनरी प्रमाणपत्रमा गोरु निकासी !

**एसपी गौरव
सर्लाही ।**
नवलपुर क्षेत्रबाट भेटेरिनरी प्रमाण पत्रको आडमा गोरु निकासी हुने गरेको पाइएको छ । लालबन्दी नगरपालिका–१ स्थित नवलपुर बजारबाट बाहिर निकासी हुने गोरुको भेटेरिनरी प्रमाण पत्र स्थानीय गोरु व्यापारी आफैँले बनाएर पठाउने गरेको प्रमाण मधेशदृष्टिले फेला पारेको छ ।

पशु सेवा कार्यालय मलंगवाका पशु सेवा प्राविधिक डा.सत्येन्द्र कुमार रायले हस्ताक्षर गरेर भेटेरिनरी प्रमाण पत्र नवलपुर बजारका गोरु व्यापारी निरज कुमार सिंहलाई दिने र उनले आफैँले भेटेरिनरी प्रमाण पत्र भरेर सही छाप गरेर पठाउने गरेका पाइएको हो । नेपाल पशु चिकित्सक परिषद् दर्ता नम्बर १२६५ भएका डा.राय सरकारी सेवामा रहेको भए पनि उनले एउटा भेटेरिनरी प्रमाण पत्रको पाँच सय रुपैयाँ लिएर पहिला नै भेटेरिनरी प्रमाण पत्रमा हस्ताक्षर गरी पठाउने गरेका प्रमाण फेला परेको हो ।

गोरु व्यापारी सिंहका अनुसार, पशु सेवा कार्यालय मलंगवाका



पशु सेवा प्राविधिक डा.राय एउटा मात्र ट्रक लोड हुने समयमा नवलपुर नआउने र दुई–तीनवटा ट्रक लोड हुने भए मात्रै आउने गरेका छन् । तथापि पशु सेवा कार्यालय मलंगवाका पशु सेवा प्राविधिक डा.रायले आँखैले हेरेर भेटेरिनरी प्रमाण पत्र भरेर सही छाप गरी पठाउने गरेको उनले स्वीकार गरे ।

एउटा मात्र ट्रक लोड हुँदा गोरु व्यापारी सिंह आफैँले पशु सेवा कार्यालय मलंगवाका पशु सेवा प्राविधिक डा.रायको अनुपस्थितिमा भेटेरिनरी प्रमाण पत्र भरेर पठाउने गरेका छन् । इलाका प्रहरी कार्यालयहरु, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयका साथै प्रदेश प्रहरी कार्यालयलाई कमिसन दिएर लालबन्दी नगरपालिका–१, नवलपुरबाट झापाको दमक गोरुबजारसम्म गोरु निकासी हुने गरेको गोरु व्यापारी सिंहले बताए । लालबन्दी नगरपालिकाले गत वर्ष झैँ यस वर्ष नवलपुर गोरु बजारको ठेक्का नलगाई नगरपालिका आफैँले प्रति ट्रक तीन हजार रुपैयाँमा दैनिक रसिद काटिरहेको छ ।

## नेपालीको टाउकोमा ८१,८३७ रुपैयाँ ऋण

**मधेशदृष्टि
वीरगंज ।**
नेपाल सरकारको आर्थिक अवस्था अत्यन्तै ऋणात्मक बन्दै जाँदा प्रतिनेपालीको टाउकोमा ८१ हजार ८ सय ३७ रुपैयाँ ऋण पुगेको छ । यो माघ मसान्तसम्मको सार्वजनिक ऋणको हिस्सा हो । सरकार लगातार ऋणात्मक अवस्थामा गइरहेको छ । सरकारले ११ खर्ब ८४ अर्ब ५२ करोड रुपैयाँ आन्तरिक ऋण र १२ खर्ब २ अर्ब २४ करोड रुपैयाँ बाह्य ऋण तिर्न बाँकी छ । सार्वजनिक ऋण झन्डै २४ खर्ब रुपैयाँ पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार, यो आर्थिक वर्षको सात महिनामा सरकारले २ खर्ब २ अर्ब ४३ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण २३ खर्ब ८६ अर्ब ७७ करोड रुपैयाँ पुगेको छ । असार मसान्तसम्ममा सार्वजनिक ऋण २२ खर्ब ९५ अर्ब ४३ करोड रुपैयाँ थियो । नेपालसँग जिडिपीका ५० प्रतिशतसम्मको सार्वजनिक ऋणको भार थेग्न सक्ने क्षमता छ । सरकारले चालु आर्थिक वर्षमा २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ बाह्य ऋण लिने लक्ष्य राखेकामा घटाएर १ खर्ब ८० अर्ब ६७ लाख रुपैयाँ मात्र प्राप्त हुने प्रक्षेपण गरेको थियो । तर बितेको सात महिनामा जम्मा ५२ अर्ब १२ करोड रुपैयाँ मात्र बाह्य ऋण प्राप्ति गरेको छ ।

## ललिता निवास प्रकरणमा तीन मन्त्रीलाई सफाइ

**मधेशदृष्टि
काठमाडौँ ।**
बहुचर्चित बालुवाटारस्थित सरकारी जग्गा हिनामिनाको ललिता निवास प्रकरणमा विशेष अदालतले रामकुमार सुवेदी र शोभाकान्त ढकालसहित १२ जनालाई दोषी ठहर गरेको छ भने तीन पूर्वमन्त्रीलाई सफाइ दिएको छ । विशेष अदालतका सदस्य डा. खुशीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले ललितानिवास जग्गा प्रकरणमा कलाधर देउजा, सुरेन्द्रमान कपाली, युक्तप्रसाद श्रेष्ठ, जगतप्रसाद पुडासैनीलाई दोषी ठहर गरेको छ ।

सर्वोच्च अदालतका प्रवक्ता धनबहादुर कार्कीले अदालतको फैसला सुनाउनेक्रममा अदालतले राजीनामा वा बकसपत्रबाट ६५ जनाको नाममा दर्ता भएको जग्गा पनि जफत हुने ठहर गरेको बताए । प्रवक्ता कार्कीले मन्त्रिपरिषद्को निर्णयको आवरणमा सरकारी जग्गा व्यक्तिका नाममा लैजाने कर्मचारीसहित सुवर्ण शमशेरको परिवारलाई पनि दोषी ठहर गरेको बताए । अदालतले सुरूमा जग्गा व्यक्तिका नाममा लैजाने भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेकामध्ये हेमाद्री शमशेर राणालाई भने सफाइ दिएको छ ।

सरकारी निवासको जग्गा र

बाँकी पृष्ठ २ मा



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा, मधेश प्रदेश

# माओवादी केन्द्रको विधान परिमार्जनसहित पारित



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रस्तुत गरेको विधान परिमार्जनसहित पारित भएको छ । प्रथम विधान अधिवेशनमा समूहगत छलफलबाट सुझावका आधारमा तयार गरिएको परिमार्जित विधान पारित गरिएको हो । अधिवेशनमा अध्यक्ष दाहालले विधानलाई समृद्ध बनाउन महत्वपूर्ण सुझाव प्राप्त भएको उल्लेख गर्दै पार्टी नयाँ तवरले अगाडि बढ्ने विश्वास व्यक्त गरे । विधान अधिवेशनलगत्तै विशेष महाधिवेशनमा तयारीको प्रक्रिया सुरु हुने जानकारी उनले दिए ।
उनले प्राप्त सुझावबाट पार्टीको रक्षा र विकास गर्न सहयोग पुगेको बताए । प्रधानमन्त्री एवं पार्टी अध्यक्ष 'प्रचण्ड'ले यही फागुन १ गते प्रस्तुत गरेको विधान मस्यौदामा २० समूहबाट सुझाव सङ्कलन गरिएको थियो ।
अध्यक्ष दाहाले विधान अधिवेशन सभ्य भएको र यसले पार्टी निर्माण एवं विशेष महाधिवेशनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । माओवादी केन्द्रको प्रथम विधान अधिवेशनमा समूहगत छलफलबाट सुझाव सङ्कलन गरेपछि उनले प्राप्त सुझावका आधारमा विधानलाई ओजपूर्ण बनाइने बताए । अध्यक्ष दाहालले आगामी महाधिवेशनदेखि जनवादको आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट समिति निर्माण गर्ने र समितिबाट प्रत्यक्ष निर्वाचनको गरेर पदाधिकारी चयन गर्ने निष्कर्षमा पुगेको बताए । आमरुपमा पार्टी समिति सानो बनाउनुपर्ने सबैको सुझाव आएको उल्लेख गर्दै उनले आगामी अधिवेशनबाट एक सय ९९ सदस्यीय केन्द्रीय समिति बनाइने निष्कर्ष सुनाए ।
आगामी अधिवेशनपछि ११ जनाको केन्द्रीय कार्यालय बनाउने र त्यसैलाई प्रभावकारी बनाइने उनले जानकारी दिए । योग्यता र कार्यअवधिको व्यवस्था नियमावलीमा गर्न उचित हुने उल्लेख गर्दै अध्यक्ष दाहालले प्रत्येक दुई वर्षमा सदस्यता नवीकरण गरिने बताए ।
प्रदेशलाई बलियो बनाउने विषयलाई उच्च प्राथमिकतामा राख्नेगरी विधान बनाइने बताउँदै अध्यक्ष दाहालले त्यसैले सङ्घीयता र समानुपातिक व्यवस्थालाई प्रभावकारी बनाइने जानकारी दिए । नाम र चुनाव चिह्नका विषयमा कुनै खास समयमा निर्णय गरिने उल्लेख गर्दै उनले धेरै कम्युनिष्ट पार्टीबीच एकता हुने अवस्थामा नाम फेर्न सकिने तर अहिले यथावत राख्ने बताए ।
अध्यक्ष दाहालले पार्टीका विभिन्न मोर्चालाई वैचारिक तालिमसहित स्वायतता दिने र जनवर्गीय सङ्गठनलाई पनि विस्तार गरिने बताए ।

# मैथिलीमा पनि समाचार सेवा सञ्चालन गर्नुपर्नेमा जोड

**रासस**
**राजविराज ।**
राष्ट्रिय समाचार समिति (रासस)को ६३ औ वार्षिकोत्सव सम्पन्न भएको छ । रासस जिल्ला कार्यालयले बिहीबार नेपाल पत्रकार महासङ्घको सभाहलमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका सांसद एवं अर्थ तथा योजना समितिका संयोजक सतिशकुमार सिंहले फूलमा जल सेचन गरेर उद्घाटन गरे । जिम्मेवार पत्रकारिता र राससको भूमिका विषयक अन्तरक्रियामा उनले पत्रकारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्नेमा जोड दिए । समयमा पारिश्रमिक नपाउँदा पत्रकारहरू पेशाबाटै पालयन हुनुपर्ने अवस्था आएको वास्तविकता पनि उनले प्रस्तुत गरे । सरकारी मिडियाले पनि भ्रष्टचारविरुद्ध निष्पक्ष समाचार सम्प्रेषण गर्नुपर्ने बताउदै देशको अर्थतन्त्रको पुनरुत्थानमा लाग्नुपर्ने बताए । राष्ट्रिय समाचार समितिका मधेश प्रदेश प्रमुख टिकाराम सुनारले जनतालाई सुसूचित गर्न रासस प्रतिबद्ध रहेको बताए । मधेशका विकास–निर्माणका समाचारलाई आफूले प्राथमिकतामा राखेको उनले बताए । नेपाल पत्रकार महासङ्घका अध्यक्षा श्रवणकुमार देवले राससले सङ्घीयता कार्यान्वयनमा राससले गरेको कामको सराहना गर्दै अवधी भाषामा समाचार सम्प्रेषण हुनु सुखद भएको बताए । उनले मैथिलीमा पनि राससले समाचार सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले पत्रकारिता पेसा संवेदनशील भएकाले जिम्मेवारीपूर्वक पत्रकारले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने बताए । प्रेस स्वतन्त्रता सैनानी एवं वरिष्ठ पत्रकार बैद्यनाथ झाले पत्रकरिता जिम्मेवार हुनुपर्ने बताउदै 'राससले पहिले सरकारको मात्र समाचार दिन्थ्यो तर अहिले युग परिर्वतन भएसँगै जनताका समाचार पनि लेख्न' थालेको बताए ।
मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेशकुमार झाले राससले अवधी भाषामा समाचार सम्प्रेषण सुरु गरेकोले मैथिलीमा पनि समाचार सेवा सुरु गर्नुपर्नेमा जोड दिए । उनले मैथिली भाषामा समाचार सम्प्रेष गर्न परिष्दले सहयोग गन बताए । पत्रकार महासङ्घका सल्लाहकार मनोहर पोखरेलले विपक्षीका समाचारलाई पनि राससले प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए । राससका पूर्वप्रतिनिधि राजेशकुमार झाले पनि रासससबाट मैथिली समाचार सेवा प्रारम्भ भएमा मधेशका ग्राहक त्यसबाट लाभान्वित हुने बताए । रासस जिल्ला कार्यालय सप्तरीका प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य सुधा देव, प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपाने, जनता समाजवादी पार्टी(जसपा) नेपालका जिल्ला अध्यक्ष केदारप्रसाद यादव, जिल्ला समाचारदाता अरुणकुमार यादव,नानीमैया कटवाल, लहान कार्यालय प्रमुख सुदीप राउत, समाचारदाता लोकेन्द्रप्रसाद यादवलगायत सहभागिता थियो ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बृद्धि गरेको छ । निगम सञ्चालक समितिको बिहीबारको बैठकले शुक्रबार बिहान १ बजेदेखि लागु हुनेगरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य वृद्धि गरेको हो । निगमले बिहीबार एक विज्ञप्ति जारी गरी पेट्रोल, डिजेल र मट्टीतेलको लिटरमा दुई–दुई रूपैयाँ बढेको जानकारी दिएको छ ।
निमगका अनुसार खाना पकाउने ग्यास र हवाइ इन्धनको मूल्य भने यथावत राखिएको छ । निगमले भारतीय आयल कर्पोरेसन (आइओसी) ले पठाएको मूल्यसूची अनुसार नयाँ मूल्य तोकेको हो । आइओसीले पेट्रोलियममा प्रतिलिटर १ रूपैयाँ ८३ पैसा र डिजेलमा एक रूपैयाँ ५६ पैसा बढाएर नयाँ मूल्य सूची पठाएको निगमद्वारा जारी विज्ञप्तिमा जनाइएको छ

# दबाब र प्रभावमुक्त भएर काम गर्न गृहमन्त्रीको निर्देशन

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले दबाब र प्रभावमुक्त भएर कानुनबमोजिम प्रशासनिक र सुरक्षा चुनौती सामना गर्न प्रहरी अधिकारीहरुलाई निर्देशन दिएका छन् । सरुवा भएर विभिन्न जिल्ला तथा कार्यालय प्रमुखका रुपमा खटिइएका ३४ प्रहरी उपरीक्षकलाई बिहीबार विशेष निर्देशन दिँदै उनले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर सुरक्षा स्थितिको गहन विश्लेषण गर्दै कार्यक्षेत्रमा कटिबद्ध भएर खटिन अनुरोध गरे ।
उपप्रधानमन्त्री श्रेष्ठले लागुऔषध नियन्त्रण र कारोबारीलाई कारबाही गर्न, त्यसविरुद्ध युवाबीच सचेतना कार्यक्रम सञ्चालन गर्न तथा सुधार केन्द्र बनाउनसमेत निर्देशन दिए । सरकारले सामाजिक न्यायको क्षेत्रमा अभूतपूर्व काम गरिरहेको उल्लेख गर्दै उनले मिटरब्याजीका नाममा कुनै बिचौलिया देखिए तत्काल कारबाहीको दायरामा ल्याउन निर्देशन दिए । मन्त्रालयले पहुँच र विभिन्न स्वार्थका आधारमा नभई क्षमता, कार्यदक्षता र अवसरको मापदण्ड बनाएर सरुवा गर्ने नीति अगाडि बढाइसकेको जनाउँदै उनले अब सरुवा, बढुवा वा नियुक्तिमा सोर्सफोर्स तथा विचौलियाको चलखेल नचल्ने र जिम्मेवारी निर्वाहमा कमजोरी देखिए तत्काल कारबाही गरिने बताए ।
प्रमुखको जिम्मेवारी पाउन दल एवं नेताको ढोका चहार्ने, विचौलियामार्फत घुसको अफर गर्ने र आफूले जिम्मेवारी नपाए जिम्मेवारी पाउने सहकर्मीको बदनाम गर्ने प्रवृत्ति त्याग्रसमेत उनले प्रहरी अधिकारीहरूलाई निर्देशन दिए ।
मन्त्रालयले यही फागुन १ गते २२ जिल्ला प्रहरी कार्यालय, सात प्रहरी गण, चार ट्राफिक प्रहरी कार्यालय र एक अन्य गरी ३४ प्रहरी उपरीक्षकको सरुवा गरेको थियो । सो अवसरमा गृह मन्त्रालयमा सचिव दिनेश भट्टराई र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायत उच्च अधिकारीको उपस्थिति थियो । उपप्रधानमन्त्री श्रेष्ठले जिम्मेवारीमा जानुअघि प्रशासनिक तथा प्रहरी अधिकारी आवश्यक निर्देशन दिने प्रचलनको सुरुआत गरेका हुन् । यसअघि नयाँ जिम्मेवारी तोकिएका प्रमुख जिल्ला अधिकारीलाई पनि उनले मन्त्रालयमा बोलाएर सरकारका प्राथमिकतालाई ध्यान दिएर जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएका थिए ।
यसबाट प्रशासनिक र सुरक्षा अधिकारीलाई सरकारको कार्यभार, नीति र कार्यक्रमको मर्म बुझेर काम गर्न तथा कार्यकुशलता देखाउन हौसला मिल्ने गृह मन्त्रालयको विश्वास छ । मन्त्रालयले प्रहरी अधिकारीहरूको सरुवा, काज सरुवा र पदस्थापनमा निश्चित मापदण्ड तय गरिसकेको छ । सोही मापदण्डअनुसार प्रहरी उपरीक्षकहरूको नयाँ जिम्मेवारी तोकिएको मन्त्रालयले जनाएको छ ।

# उपकुलपतिका लागि आइतबार अन्तर्वार्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका प्रतिस्पर्धीहरूको अन्तर्वार्ता आइतबार हुने भएको छ । छनोट तथा सिफारिस समितिले सर्ट लिस्टमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता फागुन ६ गते आइतबार लिने जनाएको हो । आइतबार बिहान ८ः३० बजेदेखि सुरू हुने अन्तर्वार्ता विज्ञ र छनोट समितिका सदस्यहरूले लिने छन् ।
उम्मेदवारहलाई बढीमा आधा घण्टाको समय दिएर अन्तर्वार्ता लिइने समितिले जनाएको छ । त्रिविको उपकुलपतिको लागि ४३ जनाले आवेदन दिएका थिए । जसमा १४ जना सर्ट लिष्टमा परेका थिए । सर्ट लिष्टमा परेका उनीहरूको माघ २९ गतेदेखि फागुन २ गतेसम्म सोचपत्र र व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण गरिएको थियो । उक्त कार्य सकिएपछि समितिले अन्तर्वार्ता लिन लागेको हो । अन्तर्वार्तापछि समितिले त्रिविको उपकुलपतिका लागि तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ । उक्त तीन जना मध्येबाट एक जनाको नाम कुलपतिले छनोट गर्ने छन् । सरकारले पहिलो पटक त्रिवीको उपकुलपति प्रतिस्पर्धाबाट छनौट गर्न लागेको भए पनि सर्टलिस्टमा परेका नामहरुलाई लिएर विभिन्न टिकाटिप्पणी र आलोचना समेत हुँदै आइरहेको छ । सटलिस्टमा पर्नेहरुमा कुसुम शाक्य, केशरजंग बराल, गोविन्द सुवेदी, चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौड्याल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायण बेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापा छन् । त्रिविका उपकुलपति डा. धर्मकान्त बास्कोटाको कार्यकाल यही कात्तिक १८ गते सकिएपछि गत कात्तिक २४ गते प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहालले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको अध्यक्षतामा सचिव सुरेश अधिकारी र त्रिविका बौद्ध अध्ययन विभागका प्रमुख डा. चन्द्रकला घिमिरे रहेको सिफारिश समिति गठन गरेका थिए ।

# विदेशी मुद्रासहित टर्किस नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न विदेशी मुद्राहित टर्किस नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा टर्किस नागरिक ५७ वर्षीय अब्दुल्ला मिना रहेको प्रहरीले जनाएको छ । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिहीबार बिहान पक्राउ गरेको हो । एयर अरेबियाको उडानद्वारा सारजहाबाट काठमाडौं आएका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटमा जाँच गर्ने क्रममा नेपालमा प्रतिबन्धित ५ सय दरका १ सय ९२ थान गरी जम्मा ९६ हजार भारतीय रूपैयाँ, १ सय दरका २३ थान र ५० दरको १ थान गरी जम्मा २ हजार ३ सय ५० अमेरिकी डलर र १० लाख दरका ९ थान र ५ लाख दरका २६ थान गरी जम्मा २ करोड २० लाख इरानी रियाल फेला पारी उनलाई पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि बरामद विदेशी मुद्रासहित राजश्व अनुसन्धान विभाग पठाइएको प्रहरीले जनाएको छ ।

# ठगी गर्ने व्यक्ति पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वैदेशिक रोजगारीका नाममा ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । रसिया पठाइदिन्छु भन्दै एक लाख ६५ हजार रूपैयाँ ठगी गरेको अभियोगमा उदयपुर उदयपुरगडी गाउँपालिका–९ ध्वासे फुलबारी घर भई काठमाडौँ स्वयम्भू बस्ने ३० वर्षीय मिलन तामाङलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । तामाङले दुई जनालाई वैदेशिक रोजगारीका लागि रसिया पठाई कन्स्ट्रक्सनमा मासिक १ लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको प्रहरीले जनाएको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं सामाखुशीबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग पठाइएको प्रहरीले जनाएको छ ।




# आयोगमा पण्डित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारले मधेश प्रदेश नीति आयोगको सदस्यमा धनुषाका रामचन्द्र पण्डितलाई नियुक्त गरेको छ ।
पण्डित नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी धनुषाका अध्यक्ष पनि हुन् ।

# ललिता निवास प्रकरणमा तीन...

अन्य जग्गा साटफेर तथा निवास विस्तार क्षेत्रको जग्गाका सन्दर्भमा नक्कली मोही खडा गरेकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात, तत्कालीन भौतिक पूर्वाधार मन्त्रालयका सचिव छविराज पन्त दोषी ठहर भएका छन् । पन्त र बस्न्यातसहित तत्कालीन मालपोत र भूमिसुधार कर्मचारीले १९ रोपनी जग्गा हिनामिनामा ९ करोडभन्दा बढी हानिनोक्सानी गरेको अदालतको ठहर छ । उनीहरूसँग दामासाही ८० लाख रुपैयाँ बिगो असुलउपर र दुई वर्ष कैद सजाय निर्णय भएको छ । त्यस्तै, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई दुई वर्ष कैद र ८० लाख रुपैयाँ जरिबाना फैसला भएको छ ।
ललितानिवास सरकारी जग्गा हिनामिना प्रकरणमा जोडिएका पूर्वमन्त्री विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीले सफाइ पाएका छन् । तत्कालीन सचिव दिनेशहरि अधिकारीले पनि सफाइ पाएका छन् ।

# इन्स्पेक्टरको चर्को असुलीले...

पाइएको हो । पीडित युवाका अभिभावकका अनुसार, इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक केसीका सुरक्षागार्डले सिधै रकम माग गर्नुमा इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक केसीकै निर्देशन भएको भेटिएको हो । इलाका प्रहरी कार्यालय लालबन्दीका मुद्दा शाखाका हवल्दार यादवले पनि इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक केसीलाई रकम दिनुपर्ने भन्दै दुई हजार पाँच समयका दरले पाँच हजार लिएपछि इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक केसी असुलीमा तल्लीन भएको देखिएको हो ।
सामान्य परिवारका मानिसलाई अनावश्यक दुःख दिएर रकम असुलिन्छ भने आर्थिकरुपमा सम्पन्न मानिसबाट कति रकम असुलिन्छ होला भन्नेमा उनीहरु सशंकित भएका थिए । यता, इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक केसीले प्रहरी कर्माचारीलाई गर्ने व्यवहार पनि राम्रो नभएको पाइएको छ ।
उनले प्रहरी कर्मचारीलाई अनावश्यक गालीगलौज गर्ने, अपशब्द बोल्नुका साथै घुमुवा परिचालन गरेर इलाका प्रहरी कार्यालय लालबन्दी क्षेत्रका होटलका साथै अन्य विभिन्न किसिमका व्यापारव्यवसाय गर्ने र नदीजन्य पदार्थ दोहन गर्नेसँग पनि असुली गरेको पाइएको छ ।

# कपडामा आइरन गर्दा करेन्ट लागेर मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको राजदेवी नगरपालिकामा कपडामा आइरन गर्ने क्रममा विद्युतको करेन्ट लागेर एक जना युवकको मृत्यु भएको छ । राजदेवी ७ मुडवालबा गाउँमा ससुराली जानको लागि तयारी स्वरुप आफ्नै कपडामा आइरन लगाउने क्रममा तारबाट विद्युत चुहेर स्थानीय २५ वर्षीय तेजा ठाकुर लोहार करेन्ट लागेर अचेत भएका थिए । लगत्तै उपचारको लागि प्रादेशिक अस्पताल गौरमा लैजाँदा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी प्रवक्ता डिएस्पी एलिजा गिरीले बताइन् । मृतकको शव पोस्टमार्टम भएर बुधबार साँझ परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । ठाकुर बुबा आमाको एकमात्र छोरा हुन् । ठाकुरको नौ महिनाअघि विवाह भएको थियो ।

# सवारी दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
नवलपुर–मलंगवा सडक खण्ड अन्तर्गत सर्लाहीको मलंगवा नगरपालिका–११ गम्हरियामा भारतीय नम्बरका दुईवटा मोटरसाइकल आपसमा ठोक्किँदा एक किशोरको मृत्यु भएको छ । दुई जना गम्भीर घाइते भएका छन् । तीव्र गतिमा रहेका बीआर ३० डी ३५१८ र बीआर ०६ बीपी ४१७२ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा मलंगवा नगरपालिका–११ गम्हरियाका १५ वर्षीय विकास रायको ज्यान गएको हो । रायको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।
दुर्घटनामा सोही ठाउँका १६ वर्षीय निरज पटेल र १७ वर्षीय रोशन पासवान गम्भीर घाइते छन् । उनीहरु दुवैलाई उपचारका लाग वीरगंज रेफर गरिएको सर्लाही प्रहरीले जनाएको छ ।

# न्यानो कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकामा बालबालिकाका लागि न्यानो कपडा वितरण गरिएको छ । पालिकाको वडा नम्बर १ स्थित बाल मन्दिर प्राथमिक विद्यालय विन्टोली महादेवपट्टीका बालबालिकाका लागि न्यानो कपडा वितरण गरिएको हो । विद्यालयमा अध्ययनरत ८५ जना विद्यार्थीलाई ट्याक सुट वितरण गरिएको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिए । वि नेपाल नामक सस्थांले उक्त विद्यालयका बालबालिकाहरुका लागि न्यानो कपडा वितरण गरेको सामाजिक अभियान्ता थारुको भनाइ छ । सस्थांका अध्यक्ष सब्बु पौडेलको अध्यक्षतामा भएको कार्याक्रममा सस्थांका सदस्यद्धय सरद पौडेल, भवानी श्रेष्ठ, वडाध्यक्ष रामशरण खवास, समाजसेवी प्रमोद यादव, अजगेवीनाथ चौधरी लगायत विद्यालयका शिक्षक, शिक्षिका, स्थानीय भद्रभलादमीहरुको सहभागिता रहेको थियो । यसैबिच सोही सस्थांका सम्पूर्ण आर्थिक सहयोगमा पर्साको धोबिनी गाउँपालिकामा अपाङगता भएका एक जनाको परिवारलाई खाद्यान्न तथा लत्ताकपडा वितरण गरिएको छ । वडा नम्बर ३ हरिहरपूर निवासी २३ वर्षका खेमराज पटेललाई खाद्यान्न तथा लत्ताकपडा वितरण गरिएको सामाजिक अभियान्ता थारुले बताए ।

# मूर्ति सेलाउन जाने क्रममा आक्रमण



**सञ्जय मिश्रा**
**रौतहट ।**
भारतीय सिमानासंग जोडिएको रौतहटको ईशनाथ नगरपालिकामा दुईवटा मन्दिरमा आगजनी गरेको घटना नसेलाउदै अर्को घटना सार्वजनिक भएको छ । सरस्वती माताको मूर्ति सेलाउन जाने क्रममा बिहीबार आक्रमण हुदाँ एक जना घाइते भएका छन् । ईशनाथ–५ जटहरा गाउँबाट सरस्वतीको मूर्ति लिएर डुमरिया गाउँ छेउ अडुवा नदीमा सेलाउन जाने क्रममा दिउँसो २ बजे मोतिपुर गाउँमा मुस्लिम समुदायको मानिसले अचानक ढुंगामुढा प्रहार गर्दा नरेश पासवानको टाउकोमा चोट लागेको स्थानीयको भनाइ छ । सरस्वती माताको मूर्ति लिएर दर्जनौंको संख्यामा गइरहेका हिन्दू समुदायका मानिसमाथि एक्कासी ढुंगामुढा प्रहारसंगै मुस्लिम समुदायका मानिसहरूले खुर्सानीको धूलो आँखामा फालेको प्रत्यक्षदर्शी स्थानीय बाबुलाल साहले बताए । आक्रमणको क्रममा त्यहाँ उपस्थित रहेका प्रहरी मुकदर्शक बनेको उनको आरोप छ ।
घटनाको खबर लगत्तै रौतहट प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठ घटनास्थल पुगेका थिए । हिन्दू समुदायका मानिसहरू मूर्ति बाटोमा राखेर धर्नामा बसेका थिए । एसपी श्रेष्ठसहितको टोलीले घटनाको छानबिन गर्ने पहल गरिरहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् ।
रौतहट संसदीय निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत दुर्गा पूजा, सरस्वती पूजा, बिश्वकर्मा पूजा, महाबिरी झण्डाको विसर्जनको क्रममा बर्सेनि एकपक्षिय आक्रमण हुँदै आएको स्थानीयले बताएका छन् । पूजा बिसर्जनको समय प्रत्येक बर्ष ठूलो संख्यामा प्रहरी परिचालन गरिएपनि पूर्ण रुपमा शान्ती हुन नसकेको स्थानीयको भनाइ छ ।

# वन्यजन्तुबाट बाली जोगाउन ‘धुआ’ र ‘बिजुली’



**रासस**
**महोत्तरी ।**
न दिन भन्न पाइन्छ, न रात । महोत्तरीका गाउँ नगर बस्तीमा नीलगाई, बँदेल, दुम्सी र बाँदरसहितका वन्यजन्तुले बाली सखाप पारेर हैरान बनाएपछि किसान परम्परागत साधनको सहारा लिन थालेका छन् । खेतबारीका सुरसुरमा ‘धुआ’ (मुर्कट, बुख्याचा, झिलुङ्गो ) ठड्याएर वन्यजन्तु तर्साउने यहाँको धेरै पुरानो चलन फेरि बाक्लिदै गएको छ । ‘यो धुआ ठड्याउने त पुरानै चलन हो, बीचमा वन्यजन्तुको चहलपहल घट्दा हटेको थियो । अहिले फेरि हामीले यसको सहारा लिन थालेका छौं’, भङ्गाहा–५ कर्पुरगञ्जका ६० वर्षीय किसान रामजुलुम सर्दारले भने, ‘बाली माड्दै, उखेल्दै हिँड्ने वन्यजन्तु धुआ ठडिएको देखेपछि मान्छे हो भन्ठानेर हच्कदा रहेछन् ।’
पूर्वपश्चिम राजमार्गबाट करिब २० किलोमिटर दक्षिणतर्फिको यहाँको बस्तीमा नीलगाई र बँदेलले धुरुक्क रुवाएका उनको भनाइ छ । ‘बाँदर र दुम्सी त यता देखिएका छैनन्, तर घोडगदाहा (नीलगाई) र जङ्गली सुगुँर (बँदेल) ले भने हुर्मत लिएका छन्’ उनले भने ।
महोत्तरीका मध्य र दक्षिणी क्षेत्रमा नीलगाई र बँदेल आतङ्कले आजित किसान बाली लागेका खेतबारीका सुरमा धुआ ठड्याउनसँगै ठाउँ–ठाउँमा बिजुली बाल्न थालेका छन् । बिजुलीको चिम (बल्व) को उज्यालोबीच हातमा छडी बोकाइएको मुर्कट अगाडि पर्दा वन्यजन्तु हच्केर भाग्ने गरेका पाइएको किसानको भनाइ छ । जिल्लाको मध्य र दक्षिणी भेगसम्म नीलगाई र बँदेल आतङ्क छ भने वनक्षेत्र नजिकका उत्तरीक्षेत्रका बस्तीमा त बाँदर र दुम्सीले पनि हैरान खेलाएको किसानको गुनासो छ । बेलाबेलामा हुने हात्तीको आक्रमणबाट वाक्कदिक्क बनाएका बर्दिबास–३ राईमण्डलका ६० वर्षीया कर्णमाया गुर्मछाने बताउँछिन् । ‘बाँदरले त यी ठड्याएका मुर्कट केही गन्दैन, आँगनकै थाङ्राका मकैसमेत उधिन्छ, नीलगाई र बँदेल भने बिजुलीको उज्यालो र मुर्कट देख्दा हच्किदा रहेछन्’, गुर्मछानेले सुनाइन् । ‘यो धुआ बाजेले ठड्याउनु भएको मलाई सम्झना छ’, विगत सम्झदै बर्दिबास–९ बनरझुल्लाका ७० वर्षीय रामचन्द्र महतो भन्छन्, ‘बीचमा वन्यजन्तुको हिँडडुल कम हुँदा यसको चलन हराउँदै गएको थियो ।’
धुआ र बिजुलीको प्रबन्धले वन्यजन्तुको उपद्रव अलि कम भएको किसानको ठम्याइ छ । यसले बाली बच्ने र वन्यजन्तुलाई पनि चोट नलाग्ने भएपछि किसानले सन्तोषको श्वास फेर्न पाएका छन् ।
वन्यजन्तुले बाली खाएको देखेपछि लखेट्दा कैयौं बस्तीमा निलगाई मारिएका र बँदेललाई पासो थापेर मार्ने गरेका घटना पनि अब कम हुने किसानको विश्वास छ । दिनभरि घारीतिर लुकेर मध्यरातपछि तरकारी बाली, गहुँ, उखुका बोट र केराका थामसमेत उखेल्ने बँदेलले हैरान नै पारेका बेला धुआ र बिजुलीले आपूm हरुलाई राहत दिएको किसानको भनाइ छ । ‘बिजुलीको चमकमा हातमा लौरो लिएको मुर्कट देखेपछि मान्छे ठानेर बँदेल र नीलगाई हच्कदा रहेछन्’ बर्दिबास–७ प्रेमनगरका रामउद्गार महतोले भने, ‘खेतबारीमा बिजुलीको झलमल्ल उज्यालोमा जङ्गलीजन्तु हिँडेको पनि अलिक टाढैबाट देखिन्छ, देख्नासाथ हल्लीखल्ली गरिएपछि वन्यजन्तु भाग्ने भएका हुँदा अहिले क्षति कम भएको छ ।’
महोत्तरीमा अचेल उत्तरदेखि दक्षिणसम्मकै किसानले धुआ र बिजुलीको बन्दोबस्त बढाएका छन् । बस्ती÷बस्तीका किसानले खेतखेतमा बिजुली बालेपछि जताततै चहकिलो उज्यालो देखिन थालेको छ ।
‘खेतबारीमा झलमल्ल बिजुलीको उज्यालो हुन्छ, जङ्गली जनावरमात्र होइन, यसले चोर्न पल्केका पनि हच्कदा रहेछन्’, भङ्गाहा–४ रामनगरका किसान शुभनारायण ठाकुरले भने, ‘खेतमा बिजुली बल्न थालेपछि केराका घरी र तरकारी चोर्ने घटना पनि कम भएका छन् ।’ सघन तरकारी खेती गरिने महोत्तरीका उत्तरीक्षेत्रका स्थानीय तहहरु बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहित छिमेकको धनुषा जिल्लाको मिथिला र क्षिरेश्वर नगरपालिका एवम् बटेश्वर गाउँपालिकाका बस्ती/बस्तीमा पनि वन्यजन्तुबाट बाली जोगाउन किसानले धुआ र बिजुलीको उपाय बाक्लै अपनाउँदैछन् ।

# चितुवाको आक्रमणले ठोरीबासी चिन्तित

**मधेशदृष्टि**
**वीरगंज ।**
जंगली जनवर बाघ तथा चितुवाले घरपालुवा गाई, भैसी, बाख्रालाई आक्रमण गर्न थालेपछि पर्साका ठोरीबासी चिन्तित भएका छन् । ठोरी गाउँपालिकाकामा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वन क्षेत्रबाट साँझ पर्न नपाउँदै ग्रामिण बस्तीमा प्रवेश गर्ने बाघ तथा चितुवाले पशुचौपायालाई आक्रमण गर्ने क्रम बढ्न थालेपछि ठोरीबासी चिन्तित भएका हुन् ।
ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठका अनुसार एक बर्षको अवधिमा बाघ तथा चितुवाको आक्रमणबाट करिब ६० भन्दा बढी पशुचौपाया मरेका छन् । ठोरीका स्थानीयको बाख्राको खोरमा नै चितुवा प्रवेश गरी बाख्रा मार्न थालेपछि किसानहरु चिन्तित छन् । चितुवाले मंगलबार राति वडा –४ को गुम्बालाईनका किसान हल बहादुर श्रेष्ठको खोरमा एउटा बाख्रा मारेको छ । चितुवाले बुधबार राति सोही वडाकै मालीबस्तीको अक्कल बहादुर मुक्तान र शेर बहादुर बुढाथोकीको अलग अलग खोरबाट पनि दुई वटा बाख्रा मारेको छ । चितुवाको आक्रमण बढ्न थालेपछि पशुचौपाया जोगाउनै मुश्किल परेको भन्दै यहाँका स्थानीयहरुले चिन्ता व्यक्त गरेका छन् ।

# सडकमा छाडा पशुचौपाया दुर्घटनाको जोखिम



**मधेशदृष्टि**
**बारा ।**
बाराको जितपुरसिमराको मुख्य सडक तथा बजार क्षेत्रमा छाडा पशुचौपायाका कारण दुर्घटनाको जोखिम बढेको छ । पछिल्लो समय सडकमा छाडा पशुचौपाया कारण पैदलयात्रीले समेत सास्ती भोग्दै आएका छन् । छाडा पशुचौपाया नियन्त्रण नगर्दा बजार क्षेत्रमा दुर्घटनाको जोखिम बढ्दै गएको र ट्राफिक व्यवस्थापनमा समेत चुनौती थपिएको छ । सडक र बजारक्षेत्रमा छाडा पशुचौपायाहरुको व्यवस्थापनका जितपुरसिमरा उपमहानगरपालिकाले पनि चासो नदेखाएको स्थानीयको गुनासो छ । तर, उपमहानगरपालिकाले भने, पहिलो चरणमा गाई धनीलाई बोलाएर सम्झाउने र नमानेको खण्डमा छाडा रुपमा सडकमा छोडिएका पशु चौपायलाई नियन्त्रणमा लिने बताएको छ ।

# आफैँले बोकेको पेस्तोलले युवकले गरे आत्महत्या

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा एक युवकले आफैँले बोकेको पेस्तोलले गोली हानेर आत्महत्या गरेका छन् ।
वृन्दावन नगरपालिका–७ धमौराका ४५ वर्षीय जयप्रकाश साहले आफैँले बोकेको कट्टुवा पेस्तोलले बिहीबार बिहान गोली हानेर आत्महत्या गरेका ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ । साहले आफ्नो घरमै रहेको कट्टुवा पेस्तोलले छातिमुनी पेटको माथिलो भागमा एक राउण्ड गोली प्रहार गरेका गरुडा प्रहरीले जनाएको छ । गोली लागेर गम्भिर घाइते रहेका उनलाई उपचारको लागि भरतपुर अस्पतालमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए । उनले प्रयोग गरेको पेस्तोल प्रहरीले बरामद गरेको छ । घटनाको कारणबारे अनुसन्धान गरिरहेको रौतहट प्रहरीले जनाएको छ ।


## भावपूर्ण श्रद्धाञ्जलि



जन्म मिति
२०१७/१/८ गते

मृत्यु मिति
२०८०/१०/२२ गते

**मेलमिलापकर्ता स्व. श्रीवती देवी मण्डल**

यस सामुदायिक मेलमिलापकर्ता समाज नेपाल, धनुषा शाखा अन्तर्गत जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका मेलमिलापकर्ता श्रीमती श्रीवती देवी मण्डलज्यूको असामयिक दु:खद निधन भएको खबरले मेलमिलापकर्ता परिवार स्तब्ध एवं मर्माहत भएका छौं । उहाँले यस संस्था तथा सामुदायिक मेलामिलाप कार्यक्रममा पुऱ्याउनु भएको अतुलनीय योगदानलाई हामी स्मरण र कदर गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं साथै शोक सन्तप्त परिवारजनप्रति यस शोकाकूल घडीमा धैर्यधारण गर्न माँ जानकी माताजीले शक्ति प्रदान गरुन् भन्दै भावपूर्ण हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**दुलारचन साह**
**अध्यक्ष**
**एवं सम्पूर्ण मेलमिलापकर्ता परिवार**

*भ्रष्टाचारविरुद्ध लड्नु नै सुशासन हो ।*
*–जो बाइडेन*

## सम्पादकीय

# कर्मचारी अदालतमा जनप्रतिनिधि बदरभागी

*सप्तरीको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ आफ्नो सरुवाविरुद्ध उच्च अदालतको शरणमा गए । मधेशका १ सय ३६ स्थानीय तहमध्ये अझै केहीले गाउँ–नगरसभा गर्न सकेका छैनन् । असार १० गतेभित्र प्रस्तुत गर्नु पर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न सकेका छैनन् । प्रस्तुत गरेकाले पास गर्न सकेका छैनन् । पास गरेकाले पनि चोर बाटोबाट बजेट पास गरेको भन्दै अरुले पत्रकार गुहारेका छन् । केही अल्पमतमा बजेट पारित गरेर अघि बढेका छन् । केही बहुमत नभएर लोकप्रिय कार्यक्रम ल्याउन सक्ने क्षमताका अब्बल सेलिब्रेटी जनप्रतिनिधि पनि बजेट ल्याउने हैसियतमा छैनन् । पहिलो वर्षको अनुभवले नै उनीहरुलाई दोस्रो वर्ष तनाव दिएको छ । कतै मिडियाले लखेटेको छ । कतै नामै नसुनेका मिडियालाई टन्न पैसा दिएको खबर बाहिर आएपछि लखेटिएका छन् । मिडियासँग सहकार्य गर्न कसैलाई पनि मन छैन । किनभने एउटा मिडियालाई रकम दिँदा अरु मिडियाले गर्ने प्रहार थेग्न पनि जनप्रतिनिधि र कर्मचारीलाई सकस भएको छ । यसमा सबै उस्तै उस्तै दोषी देखिएका छन् ।*

*केही पालिकामा भने आफ्नो पुरानो हिसाबकिताब बाहिर ल्याउन सकेका छैनन् । यसैले यो वर्ष काम गर्न गाह्रो भइरहेको छ । यस्तैयस्तै अनेक परिदृश्यमा राजविराज नगरपालिकामा केही महिनाअघि मात्रै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङलाई फागुन १ गतेदेखि नै लागु हुने गरी संघीय मामिला मन्त्रालयमा सरुवा गर्ने राजविराज नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णयविरुद्ध गुरुङ उच्च अदालत पुगे । उच्च अदालतले अल्पकालीन आदेश जारी गर्दै कामकारबाहीमा बाधा नपु¥याउन आदेश दिएको छ । गुरुङको दाबी छ, सदस्य सचिव अनुपस्थित कार्यपालिका बैठकको कुनै हैसियत हुँदैन । कार्यपालिकाको बैठकको सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत नै हुने व्यवस्था छ । सहमतिमै कुनै सरकारी कर्मचारीलाई फिर्ता पठाउँदा हुन्छ । जनप्रतिनिधिका स्वार्थमा साथ नदिने कर्मचारीलाई सरुवा गर्ने भनेर कार्यपालिकाको बैठकको निर्णय भन्दै मन्त्रालयमा गरिएको पत्राचारलाई अदालतले बदर गरिदिएको छ । सरुवा गर्नु पर्ने कारणहरुबारे प्रमाण बोकेर अदालत आउन समय दिइएको छ । अब राजविराजका कार्यबाहक मेयर इसरत परविनले कार्यकारी अधिकृत सरुवा गर्नु पर्ने प्रकरणका प्रमाण बोकेर अदालत जानु पर्ने वा कानुनी सल्लाहकार पठाउनु पर्ने हुन्छ । यसपछि अदालतमा प्रमुख प्रशासकीय अधिकृतले पनि नगरपालिकाका कमजोरीहरुमा साथ दिन भनिएकाले दिन नसकिएको भन्ने दलील पेश गर्दा स्थानीय तहकै कमजोरी छताछुल्ल हुनेमा शंका रहेन । अर्को कुरा स्थानीय तहको विवाद अदालतसम्म पुगेको छ ।*

*पहिलोपटक मधेशमा स्थानीय तहको कर्मचारी र जनप्रतिनिधिको विवाद अदालतमा पुगेको छ । सरुवा गर्ने, मन नपरेको कर्मचारी फिर्ता पठाउने जनप्रतिनिधिको बदमासीलाई कर्मचारीले अदालतको सहाराले लगाम लगाउन खोजेका छन् । यसले जनप्रतिनिधि र कर्मचारीको विवाद अरु सतहमा पुग्नेछ । अरु स्थानीय तहमा पनि कर्मचारीलाई यो प्रेरणा बन्नेछ । समग्रमा स्थानीय तहका जनप्रतिनिधिहरुबीचकै द्वन्द्वलाई कर्मचारीको अदालतको प्रयोगले झन बदनाम बनाउँदै लैजाने छ । विकासका काम पछि पर्नेछन् ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# प्रजातान्त्रिक आन्दोलनका विविध अभ्यास



– माजिद पर्वेज

आधुनिक नेपाल राज्यको अढाई सय वर्ष लामो इतिहासमा राजनीतिक अर्थात् प्रजातान्त्रिक गतिविधिको सुरुआत भएको धेरै भएको छैन। बाइसेचौबिसे भनेर चिनिने ससाना राज्यलाई एकीकरण गर्दै गोर्खाका तत्कालीन राजा पृथ्वीनारायण शाहले आजको नेपाल निर्माण गरेका हुन्। ८७ वर्ष पूरा भएछ नेपालमा प्रजातन्त्र स्थापनाका लागि योद्धा सहिदहरूले सांगठनिक पहल थालेको । प्रजातन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको खुला वातावरणमा बसेर भूमण्डलीकृत विश्व अर्थतन्त्रको लाभ लिइरहेको वर्तमान पुस्ताका लागि त्यो पहल एउटा तिलस्मी कथाप्रायः हो।

यथार्थ के हो भने, अहिलेको यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र त हाम्रा पूर्वजहरूको लामो सङ्घर्ष र कडा तपस्याको योगदान हो । नेपालको प्रजातान्त्रिक आन्दोलनको लामो उतार–चढाब पार गर्दै आजको यस समयमा आइपुगेको छ। राणाशासनको अन्त्य प्रजातन्त्रको स्थापनाको लागि चन्द्रशम्शेरको समयदेखि सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न चरण पार गर्दै आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगिकार गरेको समयमा आइपुगेको छ।

### अन्तर्राष्ट्रिय अभ्यास

जापानमा दोस्रो विश्वको अन्त्यपछि प्रजातान्त्रिक राज्य व्यवस्थाको स्थापनामा अमेरिकी सहयोग उल्लेखनीय रह्यो। राज्यलाई एकत्रित गरी विकासको गतिलाई द्रूतता दिन लडाइँमा भोगेको दुःख, मानवीय र संरचनात्मक क्षति, अपहेलनालाई मनमा राखेर तत्कालीन राजनेता, प्रशासक र उद्योगपतिहरुको त्रिकोणात्मक सहकार्यबाट छोटो समयमा एक समृद्ध राष्ट्रका रुपमा स्थापित भएको इतिहास छ।

त्यसबेला स्थापित भएको लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) को सुझबुझ, राष्ट्र निर्माणको प्रतिबद्धता, सत्यनिष्ठा र सुशासनप्रतिको निष्ठाको कारण जनताले विश्वास गर्दै आएका छन् । लामो समयसम्म सत्तामा रहेको एलडिपीको विभिन्न आर्थिक काण्डका कारण यस दलको विकल्पमा जापानी जनताले सन २००९ को आमनिर्वचनमा अत्यधिक मतका साथ प्रतिपक्षी दल डेमोक्रयाटिक पार्टी अफ जापानलाई राज्यसत्ता सुम्पे । तर अनुभवहीनता, दलभित्रको खिचातानी र भ्रष्टाचारका कारण स्थिर सरकार हुन सकेन र २०१२ मा पुनः एलडिपीका नेता सिन्जो आबेको नेतृत्वमा एलडिपी बहुमतसहित सत्तामा पुनबर्हाली भयो । यसबाट यो पुष्टि हुन्छ कि सुशासन, विकास र स्थिरता जसले दिन्छ त्यही नै जनताबाट अनुमोदित दल राज्यसत्ता सञ्चालनका लागि योग्य मानिन्छ।

जनताको लोक–समर्थनका कारण फिलिपिन्समा फर्डिनाण्ड मार्कोसले राज्यसत्ता सम्हालेका थिए तर देशमा सुशासन कायम गर्न सकेनन् । भ्रष्टाचार, मानव अधिकारको उल्लङ्घन, परिवारवाद र राज्यसत्तामा टिकिरहन राज्यको स्रोत साधनको दुरुपयोग आदि कारणबाट अलोकप्रिय भए। उनको सन् १९६५–१९८५ सम्मको शासन अवधिमा देशको वैदेशिक ऋण दुई अर्बबाट बढेर ३० अर्ब पुग्यो, जसमध्ये १० अर्ब डलर निज र निजको परिवारको नाममा जम्मा भएको थियो। तर जनताको १९८६ को आन्दोलनबाट पुनः प्रजातन्त्र स्थापना भयो, भ्रष्टाचारको जालो नियन्त्रण हुने आश गरियो र मार्कोसको पतन भयो तर पनि राज्य सञ्चालनमा कुनै सुधार हुन सकेन।

बेनिग्नो आक्विनोको कार्यकाल २०१०–२०१६ सम्म फिलिपिन्सको आर्थिक समृद्धि र कानुनको शासनको दृष्टिबाट सबैभन्दा सफल मानिन्छ । तर त्यसपछिका दिनहरुमा राज्यसत्ता अनियमितता, भ्रष्टाचार, अपराधिक क्रियाकलाप र लागूऔषध कारोबार तथा परिवारवाद र विभिन्न काण्डहरुबाट वदनाम भइरहे । त्यसको फलस्वरुप लोकभावनावादको उपयोग गरी राष्ट्रपति रोड्रिगो दुतेर्ते निर्वाचित भए। तर उनी निर्वाचित भएपछि अनाधिकृत हत्या, मानव अधिकारको हनन, गरिब र धनीबीचको खाडल बढ्दै गएको तथा जनताको जीवन सहज हुन नसकेको टिप्पणीहरु हुन थालेका छन्। वर्तमान राष्ट्रपति बोंगबोंग मार्कोस सत्तामा आएपछि केही सुधारका प्रयास नभएका पनि होइनन्। लामो प्रजातान्त्रिक अभ्यासका बाबजुद पनि देशले विकासको फड्को मार्न सकेको छैन, इमान्दार, प्रतिबद्ध र दूरदृष्टि भएका राजनीतिक दल र नेतृत्वहरुको अभावका कारण।

भारत संसारको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश हो । सन् १९५० देखि १९८० सम्म आर्थिक वृद्धि दर औसत ३.५ प्रतिशतको हाराहारीमा रह्यो । यसले सोभियत रुसको समाजवाद उन्मुख आर्थिक सिद्धान्तलाई मूल आधार मान्यो र पूर्वी एशियाहरुले झैं पूँजीवादी उन्मुख आर्थिक उदारवादलाई आर्थिक नीतिको आधार बनाएन। सन् १९९० को आर्थिक सङ्कटपछि मात्र आर्थिक उदारीकरण र खुला अर्थतन्त्रलाई अवलम्बन ग¥यो। यसपछिका अढाई दशक औसत आर्थिक वृद्धि दर ६.५ देखि ७.५ प्रतिशतसम्म रह्यो जुन उत्साहवद्र्धक रह्यो । यस अवधिमा कुल गार्हस्थ्य उत्पादन झण्डै तीन दोब्बर हुन गयो । तर आज पनि कुल जनसङ्ख्याको ४० प्रतिशत जनताको आय प्रतिदिन अमेरिकी डलर १.९ देखि ३.१० को परिधिभित्र पर्दछ । यसको कुल गार्हस्थ्य उत्पादन चीनको तुलनामा झण्डै आधा र अमेरिकाको तुलनामा एक दशांश मात्र रहेको छ।

फिलिपिन्स र भारतको लामो अराजक प्रजातन्त्रिक अभ्यासबाट अपेक्षित परिमाणमा जनताको जीवनको गुणस्तरमा सुधार हुन नसकेको र आर्थिक समृद्धि पनि सन्तोषजनक नभएको देख्दा कतै अधिनायकवादी चीन वा विगतको कोरिया, मलेसियाका लोकउपकारी तानाशाही व्यवस्था देश र आमजनताको समृद्धिको लागी "प्रजातन्त्र" भन्दा प्रभावकारी बाटो त होइन भन्ने प्रश्न स्वभाविक रुपमा उठ्ने गर्दछ। यसर्थ कहिलेकाहीँ विकास र प्रजातन्त्र सँगसँगै हिंड्दैनन्। यसबाट व्यवस्था साध्य होइन, साधन मात्र हो भन्ने कुराको पुष्टि हुन्छ।

### नेपालमा लोकतन्त्रको अभ्यास

हाम्रो देशको पनि विसं २००७ को परिवर्तनपछि प्रजातन्त्रको अभ्यासको सुरुवात भएको हो। विसं २०१५ को निर्वाचित सरकार, विसं २०१७ मा निर्वाचित सरकारलाई राजाबाट अपदस्थ, विसं २०१९ मा निर्दलीय पञ्चायती व्यवस्थाको सुरुआत, विसं २०४६ मा राजासहितको प्रजातन्त्र, २०६२÷६३ को आन्दोलन र गणतन्त्रको स्थापना तथा नेपालको संविधान २०७२ को जारीका साथै सङ्घीय गणतन्त्रामक राज्य व्यवस्थाको स्थापना यी सबै परिवर्तन देश र जनताको हित र समृद्धिका नाममा घटेका घटनाहरु हुन्।

परिवर्तन त्यति खेर सम्भव हुन्छ, जब यसले विगतको विकृत कुशासनबाट मुक्ति दिने विश्वास दिलाउँछ । तसर्थ, परिवर्तनपश्चात राज्यसत्तामा आएका शासकहरुलाई विगतको कमीकमजोरीलाई देखाएर आफ्नो औचित्य र सान्दर्भिकता देखाउन छुट हुँदैन । उनीहरुले सुशासन, सन्तुलित विकास, न्यायोचित वितरण प्रणाली, सामाजिक न्याय, आर्थिक समृद्धि आदिको माध्यमबाट परिवर्तनको औचित्यता र महत्वलाई प्रमाणित गर्नु पर्दछ। संविधान जारी भएको आठ वर्ष पूरा भएको छ। यो बीचमा छ वटा सरकार बनेका छन्। तर जनताले अधिकार पाउने कानुन बनाउन भने कुनै पनि सरकारको प्राथमिकता परेको देखिएन। संविधान जारी भएपछि सबै जाति, क्षेत्र, लिङ्ग र समुदायलाई समान अधिकार दिएको भन्दै देशभर उत्सव मनाइएको थियो भने मधेशमा राजनीति गरिरहेका कतिपय दलहरुको असन्तुष्टि भने रहेको छ।

कानुन, लोकतन्त्र, मानवअधिकार र विकासका लागि कुशासन खतरनाक हुन्छ। तटस्थता, निष्पक्षता, र सामाजिक न्यायलाई कमजोर बनाउँछ । न्यायको पहुँच कमजोर हुन जान्छ । प्रतिष्पर्धालाई निरुत्साहित र विकृत बनाउँछ । आर्थिक विकासका लागि प्रयोग हुने सीमित स्रोत संशाधनको दुरुपयोग बढ्छ । विकास अवरुद्ध हुन्छ । लोकतान्त्रिक संस्थाको स्थिरता र समाजको नैतिक आधारमा स्खलन आउँछ । आम जनता सम्मानपूर्वक गुणस्तरीय जीवन बाँच्नबाट वञ्चित हुन्छन् । समाजमा राज्यसत्तामा बस्ने शासक र दलप्रति वितृष्णा बढ्न थाल्छ। नैराश्यता र आक्रोश बढ्छ। र अन्तत्तोगत्वा ती शासक वा दलहरुको पतन हुन्छ। त्यसैले आजको पहिलो प्राथमिकता सुशासनको स्थापना र विकास हुनु पर्दछ।

### प्रजातान्त्रिक राष्ट्रको वैचारिक विचलन

विश्वका धेरै देशमा प्रजातान्त्रिक सरकार छन्, तर अहिले प्रजातन्त्र धरापमा परेका तथ्यहरू बाहिरन थालेका छन्। 'द इकोनोमिस्ट इन्टेलिजेन्स युनिट'का अनुसार प्रजातन्त्र लगातार ओरालो लागेको देखिएको छ। विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक मानिएको देश अमेरिकामा पनि प्रजातन्त्र लगातार कमजोर बन्दै गएको देखिन्छ। हामीले विश्व मञ्चमा आर्थिक 'रिसेसन' बारे अध्ययन र अनुभव गरेका छौँ। प्रजातन्त्रको पुनर्जागरणबारे अनुभव गर्ने दिन आउन सक्छन् भनेर स्टानफोर्ड विश्वविद्यालयका प्राध्यापक ल्यारी डायमन्डले १४ वर्षअघि नै भविष्यवाणी गरेका थिए।

आज विश्वमा प्रजातान्त्रिक व्यवस्थाका कमी–कमजोरीलाई सुधार गरिएन भने विश्व पुनः नयाँ मोडेलमा अगाडि बढ्न सक्छ । अमेरिकी समालोचक स्यामुयल पि हन्टिङटनले पोस्ट कोल्ड वारदेखिको विश्वमा द्वन्द्व राजनीतिक द्वन्द्व नभएर सभ्यताको द्वन्द्वतिर गएको छ भनेका छन् । राष्ट्रबीचको भिन्नता, विचार, राजनीति र राजनीतिक अर्थतन्त्रको आधारमा होइन, संस्कृति र सभ्यताका आधारमा हुने भयो भनेका थिए।

माल्थसले विश्वमा बढ्दै गएको जनसंख्यालाई मानिसले नियन्त्रण गरेन भने प्रकृतिले आफ्नो सन्तुलन आफैं मिलाउँछ भनेजस्तै प्रजातन्त्रमा पनि माल्थसको नियम लागू नहोला भन्न सकिँदैन । प्रजातन्त्रका महत्वपूर्ण अङ्ग भनेका प्रजातान्त्रिक संस्था हुन् । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रजातन्त्रका महत्वपूर्ण संस्था हुन्। यी संस्थाले प्रजातान्त्रिक व्यवस्थाको मजबुतीका लागि एक– अर्कालाई नियन्त्रण र सहयोगका लागि काम गर्छन्।

नेपालमा उपलब्ध धेरै दल छन् । तीमध्ये कैयौं दलको राजनीतिक दर्शन, सिद्धान्त र विचारको आधार नै छैन। त्यही खुद्राखाद्री सभ्यता, स्वार्थ, प्रतिष्ठा र पहिचानको आधारलाई नै पार्टी संगठनको सिद्धान्त बनाएको देखिन्छ । त्यही राजनीतिक सैद्धान्तिक आधारबिना नै क्षेत्रीय पार्टी खुलेका हुन् । कतिपय दलका नेताहरुले निहित स्वार्थमा पार्टी खोलेको देखिन्छ। हिजो नेपाली कांग्रेस, नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)कै दलबाट छुट्टिएर पार्टी गठन गरिएका छन् । पार्टीको नाम नै व्यक्तीकरण हुनुको कारण सैद्धान्तिक विचलनकै असर हो भन्न सकिन्छ।

### राजनीतिक दलहरु र लोकतन्त्रः अन्तर कि आन्तरिक?

अन्तर पार्टी प्रतिस्पर्धा र आन्तरिक लोकतन्त्रमध्ये कुन माध्यमबाट लोकतन्त्र प्राप्त गर्ने भन्ने तनावपूर्ण अवस्था नै दलसम्बन्धी कानून अनुकूल सल्लाह मोडेलको चिन्ताको विषय हो। दलहरुबीचको प्रतिस्पर्धा लोकप्रिय मत प्राप्त गरेर सार्वजनिक पद धारण गर्ने क्रम नै अन्तरपार्टी प्रतिष्पर्धा हो। दलका आम सदस्यहरुलाई सार्वजनिक नीति निर्माण र दलगत अभ्यासमा सहभागी हुने अवसर उपलब्ध गराउने, सहभागिता अभिवृद्धि गर्ने सवालमा आन्तरिक लोकतन्त्र प्रतिविम्बित हुन्छ। निश्चित रुपमा यी दुई एक अर्काका परिपूरक होइनन् तर अन्य दलहरुको मतदातालाई के उपलब्ध गराएका छन्। सामाजिक विकासको मूल ऊर्जा र दलगत सङ्गठन विकासक्रमसँग कुन गतिमा अनुकूल रहन सक्छ भन्ने जस्ता सवालमा विद्यामान दूरीको आधारमा ती दुईबीचको तनाव बृहत नभए महत्वपूर्ण पनि हुन सक्दछ।

आन्तरिक लोकतन्त्रका साथै अन्तरपार्टी प्रतिस्पर्धा प्रवद्र्धन गर्न कानून मस्यौदा गर्नुपर्छ त ? दलसम्बन्धी विद्वानहरुले एकातर्फ दलको विकासक्रममा उत्पन्न समस्याका कारण, विविधता र शक्ति विकेन्द्रीकरण गर्न सक्ने गरी विशेष सुधार अवलम्बन गर्ने र अर्कोतर्फ आन्तरिक लोकतन्त्रको विशिष्ट आवश्यकताका लागि बाह्य प्रभावमा गरिने सुधारबीच निश्चित भिन्नता रहेको बताउछन्। दलहरु कसरी सङ्गठित रहने भन्ने सवालमा आवश्यकता र सल्लाहका आधारमा दलसम्बन्धी कानून निर्माण गर्ने सदस्यहरुको पहल र दलहरु एवं लोकतन्त्रबीचको अन्तरसम्बन्ध कस्तो हुनुपर्छ भन्ने विद्वानहरुको भनाइमा भिन्नता आउन सक्दछ र दलहरुको बहन क्षमता जोखिममा पर्न सक्दछ।

अन्त्यमा, जापानको लिबरल डेमोक्र्याटिक पार्टी वा सिंगापुरको पिपल्स आक्सन पार्टीको निरन्तरता उनीहरुले आमजनताको सम्मानपूर्वक बाँच्ने अधिकारको संरक्षण, आर्थिक समृद्धि, राष्ट्रिय एकता र सन्तुलित विकासमा गरेको योगदानका कारण सम्भव भएको हो। लामो समयसम्म राज्य सत्तामा रहेको र स्रोत साधनबाट सम्पन्न भारतको काँग्रेस पार्टी आज क्षेत्रीय दलको आकारमा सीमित हुन पुगेको छ, कुशासनका कारण।

यसर्थ, दलको सुदृढीकरण वा चुनाव जित्ने हत्कण्डा भन्दा आमजनतालाई सुशासन, समृद्धि, शान्ति र आत्मसम्मानका साथ बाँच्न सक्ने आधारहरु तयार गर्ने कुराको महत्व बढी हुन्छ। दल ठूलो होइन, जनता सर्वेसर्वा हुन् भन्ने तथ्यलाई आत्मबोध गर्नु जरुरी छ। रासस

# थापाको प्रतिवेदनः ‘सरकारको प्रतिरक्षा गर्ने कि प्रश्न’




**मधेशद्दष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेस महामन्त्री गगन थापाले वर्तमान गठबन्धनको सरकारले नीति र कार्यक्रम अनुसार काम गर्न नसकेको जिकिर गरेका छन् । बिहीबार सुरु भएको पार्टी केन्द्रीय समिति बैठकमा सांगठानिक प्रतिवेदन पेश गर्दै महामन्त्री थापाले सरकारको प्रतिरक्षा गर्ने कि प्रश्न ? गर्ने भन्ने विषयमा पार्टीभित्र अलमल देखिएको उल्लेख गरेका छन् । महामन्त्री थापाले सरकारका नीति, प्राथमिकता र कार्यक्रमसँग पार्टी जोडिएको अनुभूत गर्न सकेको र जताततै पार्टीभित्र एकखालको अलमलको अवस्था देखिएको बताएका छन् । महामन्त्री थापाले थापाले भनेका छन्, ‘पाटीले जे गरिरहेको छ वा जे भइरहेको छ ठिक भइरहेको छैन भन्ने ठहर्छ । अब पनि केही हुँदैन कि भन्ने भय र चिन्ताले उसको आत्मविश्वास खस्किएको छ ।

विगतमा पार्टीले गरेका निर्णय र पछ्याएको बाटोका सन्दर्भमा पनि उसमा भएको लघुताभासका कारण प्राप्त उपलब्धिको समेत अपनत्व लिन ऊ धकाइरहेको छ । यो पङ्क्ति एकदमै द्विविधा, निराशा र आत्मनिन्दाले ग्रसित छ ।’ आत्मघाती प्रवृत्तिबाट पार्टी मुक्त हुन जरुरी रहेको उल्लेख गर्दै थापाले अब इमानदारितापूर्वक आत्मसमीक्षा, आत्मनिरीक्षण र आत्मसंकल्प गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

२०८२ मंसिरमा कांग्रेसको महाधिवेशन गर्ने गरी प्रस्ताव अघि सारेका महामन्त्री थापाले २०८१ साउनदेखि कार्यतालिका सुरु गरेर २०८१ असोजमा विधान महाधिवेशन हुनुपर्ने प्रस्ताव गरेका छन् । त्यसमा विधानको धारा १७(५) मा विधान पारित गर्न फरक समयमा विधान महाधिवेशन गर्न सक्ने व्यवस्थाका लागि विधान महाधिवेशन प्रस्ताव गरेका हुन् । उनले २०८१ मंसिरदेखि वडा अधिवेशनको प्रस्ताव गरेका छन् । २०८२ असोजभित्र जिल्ला अधिवेशन र २०८२ मंसिर मसान्तभित्र केन्द्रीय महाधिवेशनको प्रस्ताव गरेका छन् ।

# एमालेले बोलायो केन्द्रीय कमिटी बैठक




**मधेशद्दष्टि**
**काठमाडौँ ।**
प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले पार्टीको केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय गरेको छ । बिहीबार पार्टी कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले यही फागुन ८ देखि १० गतेसम्म बस्नेगरी केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय गरेको हो । उक्त बैठकमा समसायिमक विषयको समीक्षा, संगठनात्मक समीक्षालगायतका विषयमा छलफल हुने महासचिव शंकर पोखरेलले जानकारी दिए । यसका साथै, बैठकमा मिसन ग्रासरुटको प्रतिवेदन, मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानको समीक्षा हुने उनले बताए ।

महासचिव पोखरेलका अनुसार बिहीबारको सचिवालय बैठकले केही विभागहरुको मनोनयन गरेको छ । संगठन शुद्धीकरण र सुदृढीकरणका लागि कार्ययोजना बनाउने एजेण्डा बैठकले तय गरेको छ । साथै, वर्तमान गठबन्धनको सरकारले राष्ट्रिय हित, जनसरोकार र सुशासनका प्रश्नमा गम्भीर विचलन देखाएको ठहर गर्दै एमालेले जनपरिचालन गर्ने र दबाव दिने अभियानलाई पनि केन्द्रीय कमिटी बैठकको एजेण्डा बनाएको महासचिव पोखरेलले बताए ।

त्यसैगरी, बिहीबारको बैठकले पार्टीको केन्द्रीय कार्यालय बनाउन आर्थिक संकलनका लागि पार्टी सदस्यहरुबाट कम्तिमा एक सय रुपैयाँ संकलन गर्ने निर्णय समेत गरेको छ ।




# ‘संविधान अनुकूल हुने गरी कानुन बनाउन बाँकी छ’



*सांसद कानुन बनाउने हुन् भनेर सोच्ने परिपाटी अझै विकास भएको देखिन्न । आफू प्रतिनिधित्व गर्ने जिल्ला, क्षेत्रमा विकास निर्माणका काममा वास्ता नगर्ने हो भने जनताले अर्को पटक जिताउने सम्भावना कम हुन्छ । जनताकै लागि राजनीतिक गरेको हो, जनताको खुसी नै राजनीतिक दलको सफलता हो ।*
***उर्मिला थेवे, प्रतिनिधिसभा सदस्य***

**रासस**
**काठमाडौँ ।**
ताप्लेजुङ जिल्लामा खानेपानीको निकै समस्या छ । जनताका घरघरमा खानेपानी पुर्याउने मलाई धोको छ । एक नगरपालिका र आठवटा गाउँपालिका रहेको यस जिल्लाका धेरै स्थानमा अहिले पनि सहज खानेपानीको सुविधा छैन । अग्ला पहाड, छरिएको बस्ती रहेको यस जिल्लामा स्थानीयवासीलाई खानेपानीको जोहो गर्न निकै मुस्किल परिरहेको जोकोहीले देख्न र अनुभव गर्न सक्छ जसबाट मुख्यतः धेरै महिला दिदीबहिनी पीडित हुनुभएको छ । उनीहरुको अधिकांश समय खानेपानीको जोहो गर्नमै खर्च हुने गरेको छ । ‘एक परिवार एक धारा’ बनाउन पाए मैले राजनीति गरेको सफल हुने थियो जस्तो लाग्छ । जनताको आधारभूत कुरा हो खानेपानी । त्यति पूरा गर्न पाए म सफल हुने थिएँ । जिल्लामा खानेपानीको सहज व्यवस्थाका लागि पाइप र ट्याङ्की निर्माण गर्न खानेपानी मन्त्रालयमा योजना पनि दिएकी छु, तर बजेट प्राप्त हुन सकेको छैन ।

अर्कोतर्फ, ताप्लेजुङका धेरै ठाउँमा पहिरोले दुःख दिएको छ । ती पहिरा पीडितले पनि अझै राहत प्राप्त गर्न र उनीहरुको उचित पुनःस्थापना हुन सकेका छैनन् । यी विषयको सम्बोधनका लागि मैले संसद् र अन्य मञ्चमा निरन्तर कुरा उठाएँ तर सुनुवाइ भएको छैन । पहिराले भत्काएका विद्यालय बन्न सकेका छैनन् र भएका विद्यालय पनि पुनःनिर्माण हुन नसक्दा विद्यार्थीले राम्ररी पढ्न पाएका छैनन् । कुनै विद्यालय पहिराले लगेको छ, कुनै विद्यालय निर्माणाधीन छ, कुनै जीर्णोद्धार हुँदैछ । यस ज्वलन्त समस्यातर्फ राज्यको ध्यान जान नसकेकोप्रति दुःख लागेको छ । ताप्लेजुङका जनताको ठूलो माग केही पनि छैन तर आधारभूत आवश्यकता नै पूरा हुन सकेका छैनन् । सडक सबै ठाउँमा पुगेको छैन, आवतजावतमा समस्या छ । स्वास्थ्यको अवस्था हेर्दा त्यतिकै नाजुक छ । सबै योजना बनाएर हरेक सम्बन्धित मन्त्रालयमा दिएकी छु तर कुनै पनि फाइल हेरिएन, बजेट परेन । अधिकतम प्रयास गरेँ तर त्यो सफल हुन सकेन ।

सांसद विकास कोषको व्यवस्था भएको भए सांसदको क्षेत्रमा अलिअलि भए पनि विकास बजेट हुन्थ्यो भन्ने लाग्छ । कोषको रकम प्रत्यक्ष निर्वाचित सांसदलाई मात्र दिइनु हुँदैन, समानुपातिक सांसदलाई पनि दिइनु जरुरी छ । राष्ट्रिय बजेट सरकारले आफूखुसी वितरण गरेको पाइन्छ । यस्तो अवस्थामा सांसद कोषले केही मात्रामा भए पनि आफू निर्वाचित भएको क्षेत्र र जिल्लामा खर्च गर्न सकिन्थ्यो, त्यो पनि अहिले रोकिएको छ । यस कोषबाट खानेपानीका पाइप खरिद गर्न, ट्याङ्की बनाउन सकिन्थ्यो नि । पहाडी जिल्लामा महिलाको अवस्था पनि निकै कष्टप्रद रहेको छ । उनीहरुका लागि केही गर्न पाए हुन्थ्यो भन्ने लागिरहन्छ । महिलालाई सीपमूलक तालिम दिन पाएको भए कति राम्रो हुन्थ्यो । राज्यले महिलाको उन्नति र प्रगतिका लागि पर्याप्त र प्रत्यक्ष लगानी गरेको देखिन्न । छोराछोरी पढाउनुपर्छ भन्ने चेतना त आएको छतर आमा दिदीबहिनीलाई आत्मनिर्भर बनाउने किसिमका तालिम हुन सकेका छैनन् । मैले अहिले घरेलु तथा साना उद्योगसँग मिलेर केही महिलाका लागि बाँसका सामग्री बनाउने सीपमूलक तालिम दिने काम गरिरहेकी छु । यो तालिमबाट उनीहरु स्थानीय सामान प्रयोग गरेर डालो, डोको, नाङ्लो आदि बनाउन सक्ने भएका छन् । सीप सिकेर केही अर्थोपार्जन पनि गर्न पाएकामा उनीहरु निकै खुसी छन् ।

विधायकका रुपमा काम गरेको एक वर्ष पुग्यो, तर कानुन निर्माणको काममा भने त्यति राम्रो गर्न सकिएन । एक वर्षका अवधिमा बल्ल एउटा कानुन बन्यो । संविधानअनुकूल हुने गरी कानुन बनाउन बाँकी छ । सङ्घीयता कार्यान्वयन गर्न पनि निकै कठिन परेको छ । खासगरी सरकारले आवश्यक विधेयक लिएर आउनुपर्ने हो । तर त्यसमा ढिलाइ र आलटाल गर्ने प्रवृत्ति देख्छु । प्रतिपक्षले त संसद्मा विधेयक ल्याउने होइन । सरकारले राज्य र जनताको पक्षमा काम गर्नुपर्ने हुन्छ, प्रतिपक्षले रचनात्मक खबरदारी गर्ने हो । सांसद कानुन बनाउने हुन् भनेर सोच्ने परिपाटी अझै विकास भएको देखिन्न । आफू प्रतिनिधित्व गर्ने जिल्ला, क्षेत्रमा विकास निर्माणका काममा वास्ता नगर्ने हो भने जनताले अर्को पटक जिताउने सम्भावना कम हुन्छ । जनताकै लागि राजनीतिक गरेको हो, जनताको खुसी नै राजनीतिक दलको सफलता हो । जनता खुसी भए पछि मात्र राजनीतिक दलको उद्देश्य सफल हुन्छ ।

# कांग्रेस महासमिति बैठकः नौ उपसमिति गठन, तयारी तीव्र

**रासस**
**काठमाडौँ ।**
नेपाली कांग्रेसले यही फागुन ७ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा हुने महासमिति बैठकको तयारीलाई तीव्रता दिएको छ । कांग्रेसले ‘नीति अधिवेशन’का रूपमा लिएको महासमिति बैठकलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न विभिन्न नौ उपसमिति गठन गरी तयारीलाई तीव्रता दिएको हो । गोदावरीमा चार दिनसम्म चल्ने महासमितिलाई व्यवस्थित एवं प्रभावकारी ढङ्गले सञ्चालन गर्न पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा रहेको मूल आयोजक समितिले छुट्टाछुट्टै उपसमिति निर्माण गरी काम अगाडि बढाएको हो ।



कांग्रेसले महासमितिलाई सम्पन्न गर्न प्रचार–प्रसार उपसमितिको संयोजकमा पार्टीका केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा, आवास समन्वय उपसमितिको संयोजकमा केन्द्रीय सदस्य मदनबहादुर अमात्य, भोजन व्यवस्थापन उपसमितिमा केन्द्रीय सदस्य उदयशमरशेर राणा, स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा केन्द्रीय सदस्य जीतजङ्ग बस्नेतलाई जिम्मेवारी दिएको जनाइएको छ । यस्तै स्वास्थ्य समन्वय उपसमितिको संयोजकमा केन्द्रीय सदस्य उर्मिला नेपाल केसी, यातायात व्यवस्थापन उपसमितिको संयोजकमा केन्द्रीय सदस्य धना खतिवडा, आर्थिक उपसमितिको संयोजकमा केन्द्रीय सदस्य अनिलकुमार रुङ्गटा, प्रदेश समन्वय उपसमितिको संयोजकमा बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँ र स्थानीय व्यवस्थापन उपसमितिमा ललितपुर कांग्रेसका सभापति जीतेन्द्र श्रेष्ठलाई जिम्मेवारी प्रदान गरिएको कांग्रेसले जनाएको छ ।स्वदेश तथा विदेशमा रहेका नेपालीले मात्रै नभई मित्रराष्ट्रले समेत चासोका साथ हेर्ने कांग्रेसको महासमितिको बैठक भव्य, सभ्य, व्यवस्थित र परिणाममुखी बनाउन कांग्रेसले पछिल्लो समय सबै उपसमितिलाई पूर्णता दिएर काम सुरु गरिसकेको बताइएको छ । पार्टीका सूचना, सञ्चार तथा प्रचार विभागका प्रमुख विश्वकर्माले पार्टीले गठन गरेका विभिन्न उपसमितिले आफ्नो काम सुरु गरिसकेको जानकारी दिए । महासमिति बैठकमा प्रस्तुत गरिने नीतिगत प्रस्ताव तयार गर्न पार्टी उपसभापति एवं नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका संयोजक पूर्णबहादुर खड्काको संयोजकत्वमा प्रस्ताव तयारी गठन गरको र उक्त समितिमा पार्टी केन्द्रीय पदाधिकारी तथा पार्टी प्रवक्तालाई राखिएको छ । बैठकमा पार्टीको साङ्गठनिक प्रतिवेदन पार्टीका महामन्त्री गगनकुमार थापा र समसामयिक राजनीतिक प्रस्ताव पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

कांग्रेसले फागन ७ गते उद्घाटनको दिन बिहान ९ बजेदेखि कार्यक्रमस्थलमा रक्तदान कार्यक्रम आयोजना गर्ने तथा कार्यक्रम सो अवधिभर ७ देखि १० गतेसम्म स्वास्थ शिविर सञ्चालन गर्ने भएको छ । यस्तै सूचना, सञ्चार तथा प्रचार विभागले उत्पादन गरेका सामग्री बिक्री तथा वितरण केन्द्र राख्ने, नेपाली कांग्रेस, लोकतन्त्र, समाजवाद र समय सान्दर्भिक विषयका पुस्तक बिक्री वितरण कक्ष राख्ने, महासमितिको बैठक हल बाहिर विभिन्न चमेनास्थलको व्यवस्था गर्ने जनाएको छ । महासमिति बैठकमा फागुन ६ देखि १० गतेसम्म मिडिया सेन्टर स्थापना गरिने, कार्यक्रमको उद्घाटन र समापनको प्रत्यक्ष प्रसारण गरिने, प्रत्येक दिन तीन–तीन घण्टामा सञ्चारमाध्यामलाई समाचार दिने व्यवस्था मिलाइएको कांग्रेसले जनाएको छ । यस्तै महासमिति बैठकसम्बन्धी सबै किसिमका नियमित वा आकस्मिक सूचना प्रवाह गर्ने प्रविधियुक्त (डिजिटल) एक सूचना केन्द्र स्थापना गर्ने र डिजिटल बोर्डबाट कम्तीमा तीन स्थानमा सूचना दिने व्यवस्था मिलाउनुका साथै महाधिवेशनमा सहभागीले स्मरणका लागि फोटो लिन आकर्षक स्थानमा सेल्फी प्वाइन्ट बनाउन लागिएको छ । सहभागीलाई दिइने सामग्रीः झोला, डायरी, कलम, महासमितिको लोगो, नीति प्रस्ताव एवं प्रतिवेदन प्रदान गरिने, महासमिति सदस्य बस्ने मुख्य स्थानबाट कार्यक्रम स्थलसम्म जानआउन निःशुल्क बस सेवा सञ्चालन गर्ने कांग्रेसले जनाएको छ । यसैगरी कार्यक्रम अवधिभर बिहानको चिया, नास्ता, खाना र दिउँसोको खाजा कार्यक्रमस्थलमै उपलब्ध हुनेछ भने बेलुकाको खाना र आवास सहभागी आफैँले व्यवस्था गर्नुपर्ने कांग्रेसले जनाएको छ ।

दुई हजार बढी प्रतिनिधि सहभागी रहने

कांग्रेसको महासमिति बैठकमा देश तथा विदेशबाट दुई हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहनेछ । ‘राजनीतिक स्थायित्व, रुपान्तरण र नविनता ! स्वतन्त्रता, न्याय र समानता !! नेपाली कांग्रेसको नीतिगत प्रतिबद्धता’ भन्ने मूल नाराका साथ सुरु हुन लागेको महासमिति बैठकमा देशभरका एक सय ६५ निर्वाचन क्षेत्रबाट ११ जनाका दरले महासमिति सदस्यले भाग लिनेछन् । यस्तै पार्टीको भ्रातृ संस्था, शुभेच्छुक संस्था, विदेशस्थित नेपाली जनसम्पर्क समितिबाट समेत भाग लिने कांग्रेसले जनाएको छ । महासमिति बैठक आउन केही दिनमात्र बाँकी रहँदा धेरै जिल्लाका प्रतिनिधिको नाम टुङ्गो लगाउन बाँकी छ । कांग्रेसले महासमितिमा भाग लिने प्रतिनिधिका बारेमा समेत आजको केन्द्रीय कार्यसमितिको बैठकमा छलफल गर्ने तयारी गरेको छ ।

कांग्रेस निर्वाचन समितिका सदस्यसचिव जगन्नाथ श्रेष्ठले माघ २० गतेसम्म महासमिति बैठकमा भाग लिनका लागि देशभरका एक सय ३८ निर्वाचन क्षेत्रबाट प्रतिनिधि टुङ्गो लगाएर पार्टीलाई बुझाइ सकिएको जानकारी दिए । ‘माघ २० गतेपछि आएका केही क्षेत्रका प्रतिनिधिको नामावलीमा विवाद देखिएको छ, यसका बारेमा हामीले आवश्यक अध्ययन गरिरहेका छौँ, निर्वाचन समितिले हालसम्म एक सय ३८ क्षेत्रको प्रतिनिधि टुङ्गो लगाएको छ, बाँकी २७ क्षेत्रको टुङ्ग्याउन बाँकी छ’, सदस्यसचिव श्रेष्ठले भने । निर्वाचन समितिका अनुसार भोजपुर, काठमाडौँको क्षेत्र नं ५ र ६, रामेछाप, पर्वत, धादिङ, दोलखा, बारा, पर्सालगायका जिल्लामा महासमिति सदस्य टुङ्गिन बाँकी छ । निर्वाचन क्षेत्रबाहेक निर्वाचन समितिले पार्टीको भ्रातृ, शुभेच्छुक र जनसम्पर्क समितिबाट आएका नामावलीसमेत टुङ्गो लगाएर पार्टीलाई बुझाइसकेको श्रेष्ठले बताए । सबै क्षेत्रको प्रतिनिधिको नाम टुङ्गिएमा महासमितिमा दुई हजार तीन सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहनेछ ।

# माथिल्लो अरुणको परामर्शदाता छनौट



**रासस**
**काठमाडौँ ।**
मुलुकको हालसम्मको सबैभन्दा ठूलो परियोजनाका रुपमा रहेको माथिल्लो अरुण जलविद्युत् आयोजनाको सुपरीवेक्षण परामर्शदाता छनौट गरिएको छ । संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६३ मेगावाट क्षमताको सो आयोजनाको सुपरीवेक्षण परामर्शसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । आयोजनाको निर्माण सुपरिवेक्षणका लागि ट्राक्टेवल इन्जिनियरिङ जर्मनी, ट्राक्टेवल इन्जिनियरिङ स्पेन तथा वापकोस लिमिटेड, भारतको संयुक्त उपक्रम इन एसोसिएसन विथ टोटल म्यानेजमेन्ट सर्भिसेस (टिएमएस) तथा जेड कन्सल्ट, नेपाल छनौट भएको हो । आयोजनाको प्रवद्र्धक अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेड र परामर्शदाताबीच ठेक्का सम्झौता भएको छ । निर्माण सुपरिवेक्षण परामर्श सेवाका लागि दुई करोड ३४ लाख युरो, चार लाख ४५ हजार अमेरिकी डलर र ६४ करोड ३० लाख रुपैयाँमा ठेक्का सम्झौता (कर र प्रभिजनल समसहित) भएको हो । परामर्श सेवाको रकम युरो, डलर र नेपाली रुपैयाँमा भुक्तानी हुने व्यवस्था गरिएको छ ।

परामर्श सेवा अवधि एक सय १७ महिनाको हुनेछ । ठेक्का सम्झौता बमोजिम परामर्शदाताले पहिलो चरणअन्तर्गत डिजाइन पुनरावलोकन तथा बोलपत्रसम्बन्धी कागजातहरु तयारी गर्ने छ । यसका लागि २१ महिना छुट्याइएको छ । दोस्रो चरणमा आयोजना निर्माणको सुपरीवेक्षण गर्ने छ । यसका लागि ७२ महिना राखिएको छ । तेस्रो चरणमा आयोजना सञ्चालन तथा मर्ममतसम्भारका लागि परामर्श सेवा उपलब्ध गराउने छ । यसका लागि २४ महिना छुट्याइएको छ । ठेक्का सम्झौताका लागि गरिएको कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक एवम् अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेड सञ्चालक समितिका अध्यक्ष कुलमान घिसिङले सरकारले घोषणा गरेको रुपान्तरणकारी आयोजना निर्माणको सुरपरीवेक्षण गर्न परामर्शदाता नियुक्त भएकाले एउटा महत्वपूर्ण चरण पार भएको बताए । पहिलो चरणअन्तर्गत नौ महिनाभित्रमा आयोजनाका मुख्य संरचना निर्माणका लागि ठेकेदार छनौट गर्न बोलपत्रसम्बन्धी कागजात तयार गर्नु अत्यन्तै महत्वपूर्ण कार्य भएको उल्लेख गर्दै कार्यकारी निर्देशक घिसिङले प्रत्येक क्षणको ख्याल गरी समयमै काम पूरा गर्न आग्रह गरे ।

‘नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लाबासी, देशभरीका सर्वसाधारणको शेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैक तथा वित्तीय संस्थाको ऋण लगानी रहने गरी ‘ब्लेन्डेड फाइनान्सिङ’ (मिश्रित लगानी)को नमुना परियोजनाको रुपमा अगाडि बढाउन खोजिरहेका छौँ’ कार्यकारी निर्देशक घिसिङले भने । विश्व बैंकको नेतृत्वमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट आगामी असारभित्रमा वित्तीय व्यवस्थापन गर्ने गरी प्रक्रिया अगाडि बढिरहेको छ । आयोजनास्थलमा निर्माण पूर्वका तयारीका कामहरु भइरहेका छन् । आयोजनाको वित्तीय व्यवस्था गरी जतिसक्दो छिट्टो निर्माणमा लैजाने गरी आवश्यक कामहरु भइरहेको छ । कम्पनीका प्रबन्ध–सञ्चालक फणिन्द्रराज जोशीकाअनुसार आगामी वैशाखमा हुने लगानी सम्मेलनमा विश्व बैंकको अगुवाइमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले एक अर्बदेखि १ अर्ब २० करोड डलरसम्म लगानी ढाँचा सम्झौतामा हस्ताक्षरको तयारी भइरहेको छ ।

सन् २०१९ को मूल्यमा निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायतसहित एक अर्ब ७५ करोड डलर (करिब २ खर्ब १४ अर्ब रुपैयाँ) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइने छ । विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ । यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी (एचआइडिसिएल)को नेतृत्वमा ५३ अर्ब स्वदेशी बैंक तथा वित्तीय स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ । इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवद्र्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक शेयरबाट र ४९ प्रतिशत सर्वसाधारण शेयरबाट सङ्कलन गरिने छ । जनताको जलविद्युत् कार्यक्रममा समावेश माथिल्लो अरुणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला संखुवासभाका स्थानीय तह, नेपाल विद्युत प्राधिकरणलगायतका संस्थापक शेयर रहने छ । आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारणलगायतको ४९ प्रतिशत साधारण सेयर रहने छ ।

सन् २०२६ को सुरुआतबाट निर्माण सुरु गर्ने लक्ष्यका साथ निर्माणपूर्वका कामहरु भइरहेका छन् । आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाको पूर्वतयारीमध्ये दुई किलोमिटर सुरुङमार्गसहित करिब २१ किलोमिटर प्रवेश सडक निर्माण सुरु भएको छ । आयोजनास्थलमा कार्यालय तथा आवास निर्माण भइरहेको छ । आयोजनालाई आवश्यक पर्ने दुई सय ३२ दशमलव १४ हेक्टर निजी जग्गा प्राप्ति करिब करिब सम्पन्न भएको छ । अधिग्रहण गरिने जग्गाको करिब ९८ प्रतिशत मुआब्जा तथा क्षतिपूर्ति वितरण गरिसकिएको छ । आयोजनाबाट विस्थापितहरुको पुनर्स्थापना कार्य जारी छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिक रुपमा विस्थापित हुने छन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभावहरु तुलनात्मक रुपमा न्यून रहने अध्ययनले देखाएको छ ।

आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका छ महिनामा दैनिक छ घण्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ । आयोजनाबाट वार्षिक ४ अर्ब ५३ करोड युनिट ऊर्जा उत्पादन हुने छ । यसमध्ये करिब ३० प्रतिशत ऊर्जा हिउँदमा उत्पादन हुने छ । उत्पादित विद्युतलाई करिब छ किलोमिटर चार सय केभीको प्रसारण लाइनमार्फत संखुवासभाको हाइटारमा प्रस्तावित सबस्टेसनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह गरिने छ । प्राधिकरणले माथिल्लो अरुणकै अङ्ग रहने गरी ३० मेगावाटको इखुवा जलविद्युत् आयोजना अगाडि बढाएको छ ।

इखुवा पनि जनता जलविद्युत कार्यक्रममा समावेश भएको आयोजना हो ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा बिहीबार गिरावट आएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ४६ अङ्कले ओरालो लागेर दुई हजार ६२ दशमलव शून्य तीनमा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ७१ अङ्कले ओरालो लागेर तीन सय ६८ दशमलव ५६ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने एक उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । कुल एक करोड १४ लाख सात हजार दुई सय ६४ कित्ता शेयर तीन अर्ब ८६ करोड ९१ लाख १८ हजार सात सय ४१ रुपैयाँ मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्षस्थानमा छ । सो कम्पनीको २२ करोड ८५ लाख ७६ हजार दुई सय ६७ रुपैयाँ बराबरको शेयर कारोबार भयो ।

सगरमाथा जलविद्युत् कम्पनी ११ करोड ५९ लाख ६५ हजार छ सय २१ रुपैयाँ, जोशी हाइड्रोपावर १० करोड ७५ लाख ५८ हजार दुई सय ८३ रुपैयाँ, एनआइसी एसिया बैंक आठ करोड ७० लाख २३ हजार एक सय ८० रुपैयाँ र हिमालयन ऊर्जा विकास कम्पनी आठ करोड ५७ लाख ५१ हजार नौ सय ४५ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । छ्याङदी हाइड्रोपावर आठ दशमलव शून्य एक, जोशी हाइड्रोपावर सात दशमलव ४७ र बलेफी हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३४ प्रतिशतले कमाएका छन् । त्यस्तै मैलुङ खोला जलविद्युत् कम्पनी पाँच दशमलव ७०, प्रोगेसिभ फाइनान्स पाँच दशमलव ५८, माहुली लघुवित्त पाँच दशमलव ४२, रिभर फल्स पावर पाँच दशमलव १५ र हिमालयन पावर पार्टनरका लगानीकर्ताले चार दशमलव ९३ प्रतिशतले गुमाएका छन् ।

# यू–१९ राष्ट्रिय क्रिकेटको उपाधि सुदूरपश्चिमलाई



**मधेशदृष्टि**
**वीरगंज ।**
सुशील कोइराला मेमोरियल यू–१९ राष्ट्रिय टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि सुदूरपश्चिम प्रदेशले जितेको छ । कोहलपुर नगरपालिकाले आयोजना गरेको प्रतियोगिताको फाइनलमा सुदूरपश्चिमले कोहलपुर मेयर–११ लाई दुई विकेटले पराजित गर्दै उपाधि हात पारेको हो ।

कोहलपुर क्रिकेट रंगशालामा सम्पन्न फाइनलमा कोहलपुर मेयर–११ ले दिएको एक सय तीन रनको लक्ष्य सुदूरपश्चिमले आठ विकेट गुमाएर अन्तिम बलमा भेटायो ।

सुदूरपश्चिमको लागि ओपनर मनिषा बोहराले सर्वाधिक ४१ रन बनाइन् । प्लेयर अफ द म्याच घोषित बोहराले ४१ बलमा ५ चौका प्रहार गरिन् । कप्तान स्नेहा महराले १६ रन, निलम पाण्डेले ९ रन, रबिना साउद र अनु कडायतले समान ८ रन तथा हिसिला खड्काले अविजित ६ रन बनाए । यसअघि टस जितेर ब्याटिङ गरेको कोहलपुर मेयर–११ ले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय दुई रन बनायो । कोहलपुरको लागि कप्तान सना प्रविनले सर्वाधिक ४१ रन योगदान दिइन् । ओपनिंग ब्याटिङ गरेर अविजित रहँदै प्रविनले ५४ बलमा ३ चौका मद्दतले ४१ रन बनाएकी थिइन् । रिया शर्माले अविजित १४ तथा तृष्णा विश्वकर्माले १२ रन बनाए । सुदूरपश्चिमको बलिङमा अनु कडायत र स्नेहा महराले दुई÷दुई विकेट लिए । अनुले ४ ओभरमा २८ रन तथा स्नेहाले ४ ओभरमा १ मेडन गर्दै ८ रन खर्चिन् । उपाधिसहित सुदूरपश्चिम प्रदेशले एक लाख रुपैयाँ हात पारेको छ भने, उपविजेता कोहलपुर मेयर–११ ले पचास हजार रुपैयाँ प्राप्त गरेको छ ।

# विश्वकप लिग–२: नामिबियासँग नेपाल पराजित




**मधेशदृष्टि**
**काठमाडौँ ।**
आइसिसी पुरुष क्रिकेट विश्वकप लिग–२ को त्रिकोणात्मक शृखंलाको उद्घाटन खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको छ । बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा जितसँगै नामिबियाले दुई अङ्क जोडेको छ । जितका लागि नेपालले दिएको एक सय ३३ रनको सामान्य लक्ष्य नामिबियाले ३३ दशमलव एक ओभरमा छ विकेट गुमाउदै पूरा गर्यो । नामिबियाको जितमा जान फ्रिलिङ्कले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ५३ बल खेल्ने क्रममा चार चौका प्रहार गरे । त्यसैगरी जान निकोल लोफिट इटनले ३१ रन बनाए भने मिचेल भान लिङगेनले २३ रन बनाए । त्यस्तै निकोलास डाभिनले १५ रन जाडे । बलिङतर्फ नेपालका सोमपाल कामीले तीन र ललित राजबंशीले दुई विकेट लिए । त्यस्तै कप्तान रोहितकुमार पौडेलले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४१ दशमलव एक ओभरमा सबै विकेट गुमाउदै एक सय ३२ रनमा समेटिएको थियो । नेपालका लागि भीम सार्कीले सर्वाधिक ४४ रनको योगदान दिए । उनले ८६ बल खेल्ने क्रममा दुई चौका र एक छक्का पनि प्रहार गरे । त्यस्तै गुल्शन झाले २१ रन बनाए । उनले ३१ बल खेल्दै तीन चौका प्रहार गरे र ३८ बल खेलेका करण केसीले तीन चौकाको सहयोगमा १६ रन बनाए ।

कप्तान रोहितकुमार पौडेल १३ बल खेल्दै एक रन मात्रै बनाउन सके भने कुशल मल्लले २२ बलमा एक चौका र एक छक्काको सहयोगमा १५ रन बनाए । सोमपाल कामी दुई रनमा आउट हुँदा कुशल भुर्तेलले खाता खोल्न सकेनन् । त्यसैगरी पवन शर्राफले १२, अनिल शाहले आठ तथा आशिफ शेखले चार रन बनाए । नेपाललाई सस्तैमा समेट्ने क्रममा नामिबियाका जजेरार्ड एरास्मस पाँच विकेट चट्काए । त्यस्तै ज्याक ब्रासेल र रुबेन ट्रम्पलम्यानले समान दुई–दुई विकेट लिए ।

आईसीसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गत २०२४ देखि २०२७ सम्मको पहिलो शृंखला बिहीबारदेखि सुरु भएको हो । यो शृंखलामा नेपाल, नामिबिया र नेदरल्यान्ड्स छन् । नेपालले अब आफ्नो दोस्रो खेल शनिबार नेदरल्याण्ड्ससँग खेल्नेछ । लिग–२ मा नेपाल, क्यानडा, नामिबिया, नेदरल्यान्ड्स, ओमान, स्कटल्यान्ड, अमेरिका र यूएईबीच २४ वटा त्रिदेशीय एकदिवसीय शृंखला हुनेछ । लिग–२ मा हरेक टोलीले ३६ वटा खेल खेल्नेछ । ३ वर्षसम्म चल्ने लिग–२ का शीर्ष ४ वटा टोलीले सिधै विश्वकप छनोट खेल्ने पाउनेछन् भने पुछारका ४ वटा टोलीले प्लेअफ खेल्नुपर्ने हुन्छ ।

# जर्मनी बन्यो विश्वको तेस्रो ठूलो अर्थतन्त्र



**एएफपी**
**टोकियो ।**
जापानले विश्वको तेस्रो ठूलो अर्थतन्त्रको हैसियत गुमाएको छ । सन् २०२३ का लागि उसको कूल गार्हस्थ्य उत्पादन ५९१.४८ ट्रिलियन येन (४.२१ ट्रिलियन अमेरिकी डलर) रहेको छ । जापानलाई जर्मनीले उछिनेको छ अर्थात् जर्मनीको अर्थव्यवस्थाको आकारभन्दा जापानको अर्थव्यवस्था कम भएको छ । सन् २०२३ मा जर्मनीको कूल गार्हस्थ उत्पादन कूल ४.४६ ट्रिलियन डलर कायम भएको छ ।

जापानको अर्थतन्त्रमा गत वर्षको तेस्रो र चौथो त्रैमासिक अवधिमा लगातारको सङ्कुचन देखाएको बिहीबार सार्वजनिक सरकारी तथ्याङ्कले यहाँको आर्थिक मन्दीलाई सङ्केत गरेको छ ।

कमजोर खर्चका कारण अक्टोबर–डिसेम्बरको अवधिमा अर्थतन्त्र ०.४ प्रतिशतको दरले खुम्चिएको तथ्याङ्कले देखाएको छ । जापानमा उत्पादित वस्तु तथा सेवाको कूल मूल्य वास्तविक कुल गार्हस्थ उत्पादन (जिडिपी) अघिल्लो त्रैमासिकको तुलनामा ०.१ प्रतिशतले घटेको सरकारको प्रारम्भिक तथ्याङ्कले देखाएको छ ।

क्याबिनेट कार्यालयका अनुसार दोस्रो त्रैमासिकको तुलनामा सन् २०२३ को तेस्रो त्रैमासिकमा ०.८ प्रतिशतले कमी आएको हो । जापानको कूल गार्हस्थ उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको निजी उपभोग अक्टोबर–डिसेम्बर अवधिमा ०.२ प्रतिशतले घटेको छ, जुन लगातार नौ महिनाको गिरावट हो ।

व्यावसायिक लगानी पनि ०.१ प्रतिशतले खुम्चिएको छ । कूल गार्हस्थ्य उत्पादनमा नकारात्मक प्रभाव पार्ने आयात १.७ प्रतिशतले बढेको छ भने निर्यात २.६ प्रतिशतले बढेको छ । बिहीबारको तथ्याङ्कले सन् २०२३ मा जापानको कूल गार्हस्थ उत्पादन (जीडीपी) १.९ प्रतिशतले वृद्धि भई नाममात्रको हिसाबले ५.७ प्रतिशतले वृद्धि भएको देखाएको छ ।

# ४२ प्रतिशतमा यौन रोगको लक्षण

**रासस**
**काठमाडौँ ।**
यौन व्यवसायमा संलग्न महिलालाई विभिन्न प्रकारका यौन रोगको लक्षण देखिएको अध्ययनमा पाइएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सार्वजनिक गरेको 'महिला यौनकर्मीबीच एकीकृत जैविक र व्यावहारिक निगरानी सर्वेक्षण' मा गरिएको अध्ययनमा ४२ प्रतिशतमा यौन रोगको लक्षण देखिएको पाइएको हो । अध्ययनमा सहभागी अनुसन्धानकर्ता प्रतिमा दवाडीले एचआइभी÷एड्स, हेपाटाइटिस 'बी', हेपाटाइटिस 'सी' र भिरङ्गीजस्ता रोग ती महिलामा देखिएको बताइन् । उनका अनुसार एचआइभी तथा एड्स चार जनामा, हेपाटाइटिस 'बी' चार जनामा, हेपाटाइटिस 'सी' छ जनामा र भिरङ्गी ५४ जनामा देखिएको देखिएको थियो । अध्ययनमा यौन रोग लागेका ३४ प्रतिशतले मात्र औषधि सेवन गरिरहेको पाइएको छ । यौन व्यवसायमा लागेका ५५ प्रतिशत महिलाले एचआइभी परीक्षण पनि नगरेको पाइएको छ । परिषद्ले पोखरामा गत वैशाखदेखि असोजसम्म ३६४ जनामा यौन व्यवसायमा संलग्न महिलामा अध्ययन गरेको थियो । तीमध्ये विवाहित १६९, अविवाहित ८१ र सम्बन्धविच्छेद गरेका ९९ र विधवा १५ जना थिए । अध्ययनमा १८ वर्षदेखि ५८ वर्ष उमेरसमूहका महिला थिए । परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले धेरै महिलामा एचआइभी एड्स र शारीरिक सम्बन्धबाट लाग्ने रोगबारे कम जानकारी रहेको पाएको बताए । अध्ययनअनुसार पहिलो पटक शारीरिक सम्र्पक हुँदा १० बर्ष र बढीमा २५ वर्ष उमेर रहेको पाइएको अनुसन्धानकर्ता दवाडीको भनाइ थियो । उनले यौन व्यवसायमा २१ वर्षदेखि ३० वर्ष उमेरसमूहका बढी रहेका, ६० प्रतिशत महिलाले १६ देखि २० वर्षभित्रमा विवाह गरिसकेका र ३५ प्रतिशत महिलाले गर्भपतन गराएको पाइएको जानकारी दिए । अध्ययनमा धेरैले परिवार पाल्नका लागि यौन व्यवसायमा आबद्ध भएको बताएका अनुसन्धानकर्ता दवाडीको भनाइ थियो । 'धेरैजसोले परिवारमा पैसाको अभावकै कारण यौन व्यवसाय लाग्नुपरेको बताएका थिए । यसैगरी लकडाउन, श्रीमानको मृत्यु, श्रीमानले छोडेर गएकाले पनि यौन व्यवसायमा संलग्न भएको पाइयो', उनले भनिन् ।

**लागुऔषधको दुव्र्यसनी**
अध्ययनमा यौन व्यवसायमा संलग्नले मादक पदार्थ तथा लागुपदार्थ सेवन गरेको पनि पाइएको छ । उनका अनुसार ६० प्रतिशतभन्दा बढीले मादकपदार्थ सेवन गर्ने गरेको र ११ दशमलव आठ प्रतिशतले दैनिक मादक पदार्थ खाने गरेको पाइएको छ । यस्तै यौन व्यवसायमा संलग्नमध्ये १० दशमलव चार प्रतिशत लागुऔषध प्रयोगकर्ता रहेको पाइयो । लागुऔषध सुईमार्फत प्रयोग गर्ने गरेको अनुसन्धानकर्ता दवाडीले बताइन् । यसैगरी दुई दशमलव सात प्रतिशतले लागुऔषधका लागि शारीरिक सम्पर्क गर्ने गरेको पाइएको उनले बताइन् ।

**परिवारलाई जानकारी छैन**
अध्ययनअनुसार सवैजनाले परिवारमा आफ्नो पेसाबारे जानकारी नभएको बताएका थिए । परिवारिक मेलमिलाप तथा सामाजिक प्रतिष्ठामा असर पर्ने भएकाले यस्ता कुरा सुरक्षित राख्ने गरिएको छ । यौन व्यवसायमा लाग्ने धेरैजसोले आधारभूत शिक्षा लिएको पाइएको छ । छदेखि १० कक्षा पास गरेका धेरैजसो थिए भने १० कक्षामाथिका २७ दशमलव चार प्रतिशत थिए । परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघराज धिमालले यौन व्यवसायमा लाग्ने महिलालाई आम्दानी हुने खालका सीपमूलक तालिम दिएर सम्पन्न गराउनसके यौन व्यवसायमा छोड्ने भएकाले महिलालाई मानसिक स्वास्थ्य र परामर्श सेवा सरकारले उपलब्ध गराउनुपर्नेमा जोड दिए । उनले अध्ययनले नीति निर्माता तथा कार्यक्रम तर्जुमा गर्नेलाई वास्तविक यौन व्यवसायका पीडा देखाउने र तिनीहरुका पक्षमा योजना बनाउन सजिलो हुने बताए ।

# स्वास्थ्य संस्थाले मासिक प्रतिवेदन अनलाइनबाट बुझाउनुपर्ने




**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले मासिक प्रतिवेदन अनलाइन प्रणालीबाट बुझाउनुपर्ने भएको छ । कामपाको ३२ वटै वडामा सञ्चालनमा रहेका निजी तथा सामुदायिक अस्पताल, पोलिक्लिनिकका नाममा दर्ता भएका स्वास्थ्य संस्थाले अनलाइन प्रणालीबाट मासिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको हो । कामपा स्वास्थ्य विभागका निमित्त विभागीय प्रमुख सजिना महर्जनका अनुसार यसका लागि कामपाले एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (आइएचएमआइएस)को 'युजरनेम' र 'पासवर्ड' उपलब्ध गराउन थालेको छ । युजरनेम र पासवर्डसँगै प्रणाली कसरी सञ्चालन गर्ने भन्ने विषयमा कामपा स्वास्थ्य विभागले प्रशिक्षण दिने तयारी गरेको महर्जनले जानकारी दिइन् । उनका अनुसार यस विषयमा कामपाले स्वास्थ्य संस्थालाई परामर्श दिन थालेको छ । प्रमुख महर्जनका अनुसार यसअघि स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (एचएमआइएस) कार्यान्वयनमा आएको थियो । त्यसलाई विकसित र परिष्कृत गर्दै एकीकृत प्रणाली कार्यान्वयनमा ल्याइएको उनको भनाइ थियो । महर्जनले भनिन्, 'यसरी बुझाइएको प्रतिवेदनमार्फत प्राप्त तथ्याङ्कबाट सहरमा मुख्य स्वास्थ्य समस्या र सेवा क्षमता थाहा हुनेछ । तथ्यका आधारमा नीति तर्जुमा र सेवा सुधारका योजना बनाउन सहज हुन्छ ।' उनका अनुसार कामपाभित्र निजी, सामुदायिक अस्तापल, पोलिक्लिनिक र फार्मेसीसहित करिब तीन हजार स्वास्थ्य संस्था सञ्चालित छन् । विशेषज्ञ स्वास्थ्य सेवा दिने अस्पतालको सङ्ख्या करिब ७० छन् । यसलाई अद्यावधिक गराएर वास्तविक सङ्ख्या यकिन गर्ने काम भइरहेको उनले जानकारी दिइन् । 'एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले औषधि पसलबाहेक रोगको परीक्षण र उपचार गर्ने संस्थालाई समेटेको छ । यसबाट प्राप्त विवरणले सहरमा कति बिरामीले स्वास्थ्य परीक्षण गराए, कुन–कुन रोगको कति बिरामीले उपचार गराए, उनीहरूको उमेर समूह कुन हो, प्रयोगशाला परीक्षण कति जनाको भयो, एक्स–रे कति जनाले गराए, ओपिडी सेवा कतिले लिएजस्ता विवरण थाहा हुन्छ', प्रमुख महर्जनले भनिन् । व्यवस्थाले कामपामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई नियमन र व्यवस्थापन गर्न सहयोग पुग्ने कामपाको भनाइ छ । केही दिनदेखि कामपाले स्वास्थ्य संस्थाको थप व्यवस्थापनका लागि नियमित रूपमा अनुगमन गरिरहेको छ । कामपाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ मा हानिकारक फोहर व्यवस्थापन सम्बन्धी व्यवस्था छ । ऐनको दफा २० बमोजिम हानिकारक, स्वास्थ्य संस्थाजन्य, रासायनिक वा औद्योगिक फोहरको प्रशोधन र व्यवस्थापन उत्पादक आफैँले गर्नुपर्ने उल्लेख गरिएको छ ।

# सरकारी अस्पताललाई प्रभावकारी बनाउन आग्रह




**रासस**
**बारा ।**
प्रदेशिक अस्पताल कलैयामा मिर्गौलको विरामीलाई उपचार गर्न 'डायलासिस' र नवजात शिशु उपचार कक्ष 'एसएनसियू' सेवा सुरुआत गरिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार ती दुवै सेवाको शुभारम्भ गर्नुहुँदै सरकारी अस्पतालको सेवालाई अझ प्रभावकारी बनाउन आग्रह गरे । आगामी दिनमा अस्पताललाई प्रदेशकै नमूना अस्पतालका रुपमा विकास गर्ने सोच प्रदेश सरकारको रहेको उनले जानकारी दिए । अस्पताल विकास समितिका अध्यक्ष प्रकाश चौगाईले अस्पतालमा स्वास्थ्यकर्मीको अभाव रहेको बताए । अस्पतालका प्रमुख डाक्टर अजय गुप्ताले अस्पतालको सेवालाई विस्तार गर्दै जाने नीति रहेको जानकारी दिए ।

# म्याद गुज्रिएका औषधि भेटिएपछि दुईवटा फार्मेसी बन्द



**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले वीर अस्पताल बाहिर सञ्चालित दुईवटा औषधि पसल बन्द गर्न निर्देशन दिएका छन् । स्वास्थ्य मन्त्रालय तथा औषधि विभागको संयोजत्वमा बिहीबार गरिएको निरीक्षणका क्रममा सत्यम फर्मा र उपकार सेवा फर्माले म्याद गुज्रिएका र दर्ता नभएका औषधि बिक्री वितरण गरेको भेटिएपछि मन्त्री बस्नेतले बन्द गर्न निर्देशन दिएका हुन् ।
उनले भने, 'वीर अस्पताल बाहिर रहेको फार्मेसीले म्याद गुज्रिएका औषधि बेचेको भेट्यौँ । त्यस्तै औषधि महँगोमा बेचेको पाइयो । औषधिलाई राम्रोसँग स्टोर गर्नुपर्नेमा बाहिरै त्रिपालले छोपेर राखेको पाइएपछि यी फार्मेसी पसललाई बन्द गर्ने निर्णय गरी कानुनी कारबाहीका लागि अगाडि बढ्नेछौँ ।'
मन्त्री बस्नेतले वीर अस्पतालको स्टोरमा औषधि लुकाएर बिरामीलाई बाहिरको फार्मेसीमा किन्न लगाउने गरेको पाइएको बताए । उनले भने, 'अस्पतालको स्टोरमा औषधि राख्ने तर फार्मेसीमा औषधि छैन भनेर बिरामीलाई बाहिरबाट औषधि किन्न लागाउने गरेको भेटिएको छ ।
यो झन् ठूलो समस्या देखिएको छ ।'
मन्त्री बस्नेतले अस्पतालको पार्किङ क्षेत्रमा रहेको ठाउँमा टहरो बनाएर फार्मेसी सञ्चालन गर्नेबारे अस्पतालको व्यवस्थापनसँग छलफल भइरहेको जानकारी दिए ।
उनले भने, 'शल्यक्रियाका लागि आवश्यक औषधि र महँगा औषधि अस्पतालको फर्मेसीमै पाउने व्यवस्था गर्नका लागि पार्किङमा फार्मेसी निर्माण गर्न छलफल भइरहेको छ ।' औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले निरीक्षणका क्रममा 'फ्रिज'मा राख्नुपर्ने औषधिलाई बाहिर खुला राखिएको भेटिएको बताए ।
स्वास्थ्य विभागले नियमन गरिआएका औषधि प्रशस्त मात्रामा भेटिएको समेत महानिर्देशक ढकालले जानकारी दिए ।

# धूम्रपान त्याग्न १६ सयले गरे प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलद्वारा गरिएको 'धूम्रपान गर्ने स्वार्थी हुँदैनन्' अभियानमा एक हजार ६०० व्यक्तिले धूम्रपान त्याग्ने प्रतिबद्धता जनाएका छन् । भ्यालेन्टाइन डे र सरस्वती पूजाको अवसर पारेर फेब्रुअरी १ देखि सुरु भएको अभियानमा त्यतिले प्रतिबद्धता जनाएका हुन् । डा. ओम मूर्ति फाउन्डेसनले मेरो एउटा सानो त्याग मायालुका लागि ठूलो उपहार भन्ने नारासहित धूम्रपानविरुद्धको १४ दिने अभियान चलाएको थियो ।
फाउन्डेसनको वेबसाइटमा राखिएको गुगल फर्ममा ७० प्रतिशत नेपालमा बस्ने र ३० प्रतिशत विदेशमा बस्ने नेपालीले प्रतिबद्धता जनाएका हुन् । धूम्रपानबाट व्यक्तिको शरीरमा पर्ने असरका बारेमा प्रभावकारी जानकारी पु¥याउन रचनात्मक ढंगले सचेतना अभियान चलाइएको डा. मूर्तिको भनाइ छ ।
त्यतिमात्र नभइ निष्क्रिय धूम्रपानले परिवारमा परिरहेको असरबारे सचेत गराउन समेत अभियानले महत्त्वपूर्ण भूमिका खेल्ने डा. अनिलको विश्वास छ ।
धूम्रपान गर्ने ५० प्रतिशतले पटक पटकको प्रयासमा समेत त्याग्न नसकिरहेको अध्ययनले देखाएका छन् । विशेष अवसर पारेर गरिरहेको प्रतिबद्धता अधिकतम् कार्यान्वयन हुने देखिएकाले पनि यस्ता अभियानले धूम्रपान त्याग्न प्रेरणा मिल्ने उनी डा. अनिल बताउँछन् ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८०/११/०३)**

रोजमरी कन्भेन्ट स्कूल धनुषा प्रा.लि. **(Rosemary Convent School DhanushaPvt.Ltd.)** को मितिः२०८०/११/०१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेखको लागि पठाईएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मितिः २०८०/११/०२ को निर्णयले प्राप्त स्वीकृति अनुसार साविकको नाम परिवर्तन गरी **शारदा एकेडेमी धनुषा प्रा.लि. (Sharda Academy Dhanusha Pvt.Ltd.)** कायम गरिएको छ । साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शारदा एकेडेमी धनुषा प्रा.लि.**

**जनकपुरधाम उपमहानगरपालिका वडा नं.७, धनुषा**



# एक सय आठ फिटको महादेवको मूर्ति निर्माण हुँदै



**रासस**
**लमजुङ ।**
सुन्दरबजार नगरपालिका–७ पाउँदीमा एक सय आठ फिट उचाइको सिद्धेश्वर महादेवको मूर्ति निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । कर्मदा नदीको शिवजी महादेव मन्दिर संरक्षण समितिले मस्र्याङ्दी नदी नजिकै पर्यटन र धार्मिक क्षेत्र बनाउनका लागि महादेवको मूर्ति निर्माण गरिरहेको हो । संरक्षण समितिका उपाध्यक्ष चन्द्रप्रसाद पोखरेलका अनुसार यस मूर्तिको रङरोगन गर्ने कार्य मात्र बाँकी रहेको र अब डेढ महिनाभित्रमा सकिने छ । काठमाडौँ र पोखराबाट कालिगढ ल्याएर निर्माण गरिरहेको तथा बालुवा र सिमेन्टले मात्र मूर्ति निर्माण गरिएको उनको भनाइ छ । मूर्तिका साथै महादेवको बाहन साँढे पनि निर्माण गरिएको छ । मूर्ति बनाउनका लागि मात्र हालसम्म करिब डेढ करोड रुपैयाँ खर्च भइसकेको समितिले जनाएको छ । समितिका अनुसार यसको अलवा सोही परिसरमा एक सय आठ शिवलिङ्ग र एक सय आठ धारा निर्माण गर्न लागिएको छ । यतिबेला जमिन सम्याउने र धारा निर्माणका लागि पर्खाल लगाउने कार्य भइरहेको छ । हालसम्म यी पूर्वाधारका लागि दुई लाख रुपैयाँ खर्च भइसकेको समितिका उपाध्यक्ष पोखरेलले बताए । यस समितिको नाममा रहेको ११ रोपनी जग्गामा पूर्वाधार निर्माण भइरहेको छ । समितिको जग्गामा दुई सय २० केभी प्रसारण लाइन विद्युत्को तारमुनि पर्ने र १३ आना जमिनमा टावरसमेत राखेपछि साढे दुई वर्षअघि तारमुनि जमिन परेबापत विद्युत् प्राधिकरणबाट ७३ लाख रुपैयाँ र टावर राखेबापत ७२ लाख रुपैयाँ प्राप्त गरेको थियो । रकम प्राप्त भएपछि महादेवको मूर्ति, धारा र शिवलिङ्ग बनाउने योजना बनाएर विसं २०७८ वैशाखबाट महादेवको मूर्ति बनाउन थालिएको हो । हाल धारा र शिवलिङ्ग बनाउने कार्यसमेत अघि बढिरहेको समितिले जनाएको छ । समितिका अनुसार ७३ लाख रुपैयाँ बेँसीसहरमा एक बैंकमा १० वर्षका लागि मुद्धति खातामा राखिएको र सोबाट तीन–तीन महिनामा एक लाख ५० हजार रुपैयाँ ब्याज आउने गरेको छ । ब्याजबाट आएको रकम र टावर राखेबापतको ६३ लाख रुपैयाँबाट थालनी गरिएको कार्यका लागि सुन्दरबजार नगरपालिकाको गत वर्ष र यस वर्ष गरी ३० लाख रुपैयाँ, खानेपानी तथा सरसफाइ एकाइ कार्यालयबाट धाराका लागि यस वर्ष १० लाख रुपैयाँ, सामाजिक विकास कार्यालयबाट १० लाख रुपैयाँ, पूर्वाधार विकास कार्यालयबाट २० लाख रुपैयाँ, राइनास नगरपालिकाबाट एक लाख ५० हजार रुपैयाँ समितिलाई सहयोग प्राप्त भएको समितिका उपाध्यक्ष पोखरेलले जानकारी दिए । त्यस्तै महादेवको मूर्ति स्थापनाका लागि चन्दा सङ्कलन भइरहेको र अघिल्लो वर्षदेखि हालसम्म १४ लाख रुपैयाँ उठेको तथा धारा र शिवलिङ्ग बनाउनका लागि ११ हजार एक सय ११ रुपैयाँ लिएर आजीवन सदस्य बनाउने अभियान चलिरहेको समितिले जनाएको छ । यस अभियानबाट हालसम्म चार लाख रुपैयाँ बढी रकम उठेको र आजीवन सदस्य बन्ने व्यक्ति थपिँदै गएको समितिका उपाध्यक्ष पोखरेलले बताए । हिन्दू धर्म मान्ने मान्छे घट्दै गइरहेका बेलामा त्यसलाई रोक्न, हिन्दू धर्मको जगेर्ना गर्न यस्ता पूर्वाधार निर्माणले सहयोग पुग्ने अपेक्षाले निर्माण गरिएको उनको भनाइ छ ।

मस्र्याङ्दी नदीमा स्नान गर्न, सत्बिज छर्न, ठूलो एकादशी पर्वमा लाखौँ भक्तजन विभिन्न स्थानबाट यस क्षेत्रमा आउने गरेका छन् । तीर्थस्थल बन्दै गएको मस्र्याङ्दी नदीमा यस्ता संरचना निर्माण भएपछि भक्तजन तथा तीर्थालु अन्यत्र जानु नपर्ने तथा टाढा–टाढाबाट समेत भक्तजन यहाँ आउने समितिले जनाएको छ । डुम्रे बेँसीसहर सडक नजिकै तथा लमजुङ र तनहुँको सिमाना पर्ने यस पाउँदीमा धार्मिक पूर्वाधार निर्माणले यहाँको व्यापार व्यवसायमा समेत टेवा पुग्ने स्थानीयको भनाइ छ । यो क्षेत्र राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको छेउमै रहेको छ । महादेवको मूर्ति तथा धारा र शिवलिङ्ग निर्माणले धार्मिकरूपमा मात्र नभई पर्यटकीय गन्तव्यसमेत बन्ने सुन्दरबजारका नगरप्रमुख कृष्णप्रसाद कोइरालाले बताए । त्यस्तै पाउँदी बजारको लोकप्रियतासमेत बढ्ने र धार्मिक तीर्थालु तथा पर्यटक आउँदा आम्दानी पनि हुने उनको भनाइ छ । जिल्लाकै एक प्रमुख धार्मिक एवम् पर्यटकीय क्षेत्र बन्ने नगरप्रमुख कोइरालाले बताए ।

# हिन्दू र मुस्लिमको आस्थाको केन्द्र 'मुसबेटवा बाबा मजार'



बाँकेको खजुरा गाउँपालिका–४ स्थित मुसबेटवा बाबा मजार हिन्दू र मुस्लिम धर्मावलम्बीको आस्थाको केन्द्र बन्दै गएको छ । प्रत्येक वर्ष श्रीपञ्चमीको दिनदेखि तीन दिनसम्म मुसबेटवा बाबा मजारमा लाग्दै आएको मेलामा हिन्दू र मुस्लिम दुवै समुदायका सर्वसाधारणले च्यादर ओढाएर श्रद्धा व्यक्त गर्ने गर्दछन् । 'यो मजारमा मुस्लिम धर्मगुरु रहने भए पनि हिन्दू समुदायकोसमेत उत्तिकै आस्था र विश्वास छ', स्थानीय अगुवा झकबहादुर पौडेलले भने, 'मजारमा हिन्दू र मुस्लिम समुदाय अन्य दिनमाभन्दा मेलाको समयमा अधिक आउने गर्दछन् ।' खजुरा गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर विकले मुसबेटवा बाबा मजार मेला धार्मिक सद्भावको नमुनाका रुपमा रहेको बताए । यहाँ भारतका विभिन्न स्थानबाट समेत मनोकामना पूरा हुने भन्दै भक्तजन आउने गरेका छन् । हिन्दू र मुस्लिम समुदायले एकसाथ विश्वास गर्ने भएकाले मुसबेटवा बाबाको मजार दुवै समुदायको आस्थाको केन्द्र बन्दै गएको गाउँपालिका अध्यक्ष विकको भनाइ छ । हरेक वर्ष श्रीपञ्चमीको दिनदेखि तीन दिनसम्म मुसबेटवा बाबाको मजारमा मेला लाग्ने गर्दछ । हजरत मुसा सा रामतुल्ला अलय र मुसबेटवा बाबाको नामले चिनिने मजारमा वर्षौंदेखि दुवै धर्मावलम्बीले पूजा गर्दै आएका छन् ।

मजारमा हुने सामूहिक पूजाले दुवै धर्मावलम्बीबीच सद्भाव बढाएको स्थानीय अगुवा सतिश निरौलाले बताउँछन् । उनका अनुसार, दैनिक पूजा हुने मजारमा बिहीबार र शुक्रबार भक्तजनको भीड लाग्ने गर्छ । मजारमा श्रीपञ्चमीका दिन वार्षिकरूपमा ठूलो मेला लाग्ने र विभिन्न धर्मावलम्बीले मेला भर्ने गरेका छन् । आस्था र विश्वासको धरोहर भएकाले पनि मजारमा सन्तान नभएकाले छोराछोरी प्राप्तिका लागि वर माग्ने गरेका छन् । विश्वासले पूजाका लागि फरक धर्मका भक्तजन मजारमा आउने र धार्मिक–सामाजिक सद्भावको सन्देश प्रवाह गरेको उनले उल्लेख गरे । हिन्दू र मुस्लिमबीचको साझा धार्मिक सद्भाव बोकेको यस मजारमा पूजाआजा गरे मनोकाङ्क्षा पूरा हुने विश्वासका कारण दुवै समुदायका भक्तजन दर्शन गर्न आउने गरेका छन् । दुवै समुदायमा मुसबेटवा बाबासँग मागेको कुरा पूरा हुने धार्मिक विश्वास छ । सरस्वती पूजाका दिन यहाँ बाबाको दर्शन गर्न भन्दै हिन्दु र मुस्लिम दुवै धम्र्मालम्बीको भीड लाग्छ । 'यहाँ २०२३ सालदेखि नै हिन्दू र मुस्लिम समुदायले पूजाआजा गर्दै आएको किंवदन्ती रहेको छ', खजुरा गाउँपालिका वडा नं ४ का वडाध्यक्ष टेकबहादुर रोकायाले भने, 'दुवै धर्मालम्बीको आस्थाको केन्द्रका रुपमा धार्मिक र ऐतिहासिक महत्व बोकेको मजारको ऐतिहासिक महत्व दर्शाउन संरक्षण जरुरी रहेको छ ।' मुसवेटवा बाबालाई च्यादर चढाएमा मागेको कुरा पूरा हुने दुवै धर्मावलम्वीको विश्वास छ । चाहे हिन्दू होस् या मुस्लिम, दुवै समुदायलाई धार्मिकरुपमा मुसवेटवा बाबाले एकतामा बाँधेर आपसी सद्भावलाई बलियो बनाएको वडाध्यक्ष रोकायको भनाइ छ । वडाध्यक्ष रोकायले धार्मिक र सामाजिक सद्भावको मजारलाई थप व्यवस्थित बनाउन सङ्घ र प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए ।

# फोहोर टिप्ने बहानामा चोरी पाँच भारतीय पक्राउ



**रासस**
**काठमाडौँ ।**
काठमाडौँको गोकर्णेश्वर नगरपालिका ४ माकलवारीस्थित दिलमाया आलेमगरको घरबाट सुनका विभिन्न गरगहना तथा नगदसहित ६५ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

पीडितको जाहेरीका आधारमा खोजतलास गर्ने क्रममा चोरीमा संलग्न पाँच जना भारतीय नागरिकलाई पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार फोहर उठाउने बहानामा दिउँसो माघ २८ गते दिउँसो घरको ढोका फोडेर चोरी भएको हो ।

कार्यालयले चोरीमा संलग्न भएको अभियोगमा भारतीय नागरिकलाई बिहीबार सार्वजनिक गरेको हो । त्यसअघि अभियुक्तहरूले काठमाडौँको बूढानीलकण्ठस्थित दिनेश घिमिरेको घरबाट चोरी गरेको सुन तथा नगद गरी २५ लाख रुपैयाँ बराबरको धनमाल बरामद गरिएको छ । गोकर्णेश्वर नगरपालिका बस्ने गीता राईको घरबाट सुनचाँदीका गरगहना तथा नगदसमेत गरी चार लाख १० हजार रुपौयाँ बराबरको धनमाल बरामद गरिएको प्रहरीले जनाएको छ ।

# 'भ्यालेन्टाइन डे' का दिन बालिका बलात्कृत

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहानमा 'भ्यालेन्टाइन डे' का दिन एक बालिका बलात्कृत भएकी छन् । लहान नगरपालिका १ स्थित अरुण यादवको घरमा डेरा बस्ने बस्ने १८ वर्षीय निकेश यादवले १५ वर्षीया बालिकालाई बलात्कार गरेको प्रहरीले जनाएको छ । सिरहाको सुखीपुर नगरपालिका– २ विद्यानगरकी बालिकालाई बुधबार भ्यालेन्टाइन डे मनाउने बहानमा साथीको डेरामा बोलाएर यादवले बलात्कार गरेका हुन् । आरोपित यादवलाई पक्राउ गरिएको सिरहाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रविन्द्रराज पाण्डेले बताए । प्रहरीका अनुसार बुधबार दिउँसोको घटना प्रहरीलाई अबेर राति मात्र जानकारी भएको थियो ।

जानकारी पछि प्रहरीले तत्काल आरोपित यादवलाई पक्राउ गरी अवश्यक अनुसन्धान सुरु गरेको पाण्डेले बताए । बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण बेहोस भएकी बालिकाको लहानस्थित सप्तऋषि अस्पतालमा प्राथमिक उपचारपछि नोबेल अस्पताल विराटनगर पठाइएको छ । परिवारजनको निगरानीमा बालिकाको उपचार भइरहेको र अवस्था सामान्य हुँदै गएको उपचारमा संलग्न चिकित्सकलाई उद्धृत गर्दै प्रहरी नायब उपरीक्षक पाण्डेले बताए । बलात्कार आरोपित युवक निकेशलाई पक्राउ गरी स्वास्थ्य परीक्षण गरिएको छ । इलाका प्रहरी कार्यायल लहानले घटनाको अनुसन्धान गरिरहेको पाण्डेले बताए ।

# माता पार्वतीको मन्दिर उद्‍घाटन



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको फेटा गाउँपालिका वडा नंम्बर १ को त्रिबेणीमा निर्माण गरिएको माता पार्वतीको मन्दिर उद्घाटन गरिएको छ ।

पूर्वमन्त्री एवम् प्रदेश सभा सदस्य जितेन्द्र सोनलको संसदीय विकास कोषबाट निर्माण गरिएको मन्दिरको बिहीबार एक कार्यक्रमकाबीच नेता सोनलले पूजा अर्चाना गरी प्राण प्रतिष्ठा सहित उद्घाटन गरेका हुन् । कार्यक्रममा लोसपा नेपालको क्षेत्रीय अध्यक्ष सीताराम गुप्ता, वरिष्ठ उपाध्यक्ष जवाहर महतो, लोसपा फेटा गाउँपालिकाका उम्मेदवार मदन साह, वडा अध्यक्ष पप्पु सिंह, पूर्व वडाध्यक्ष जयप्रकाश दास, लोसपा फेटा गाउँपालिकाका अध्यक्ष लोहा यादवलगायत स्थानीयको सहभागिता रहेको थियो ।




**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन